का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ वैशाख २०८१,
बिहीबार
18 April 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक ६५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



राम नवमीको अवसरमा बुधबार जनकपुरधामस्थित हिन्दूहरुको आस्थाको केन्द्र जानकी मन्दिरमा भक्तजन । तस्वीर: अमरेन्द्रकुमार यादव, रासस

# प्रतिनेपाली ८१ हजार ८ सय ऋण

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

सरकारले चालु आर्थिक वर्षको ९ महिनाभित्रै २ खर्ब ३८ अर्ब ९३ करोड रुपैयाँ ऋण लिइसकेको छ । चैत मसान्तसम्म ऋणको साँवा र ब्याजका लागि २ खर्ब ९ अर्ब भुक्तानी गरेको छ ।

यो अवधिमा १ खर्ब ७६ अर्ब रुपैयाँ आन्तरिक ऋण लिएको छ भने ६२ अर्ब ९३ करोड रुपैयाँ बाह्य ऋण लिएको छ । सो अवधिमा आन्तरिक ऋण बापतको साँवा १ खर्ब २५ अर्ब रुपैयाँ भुक्तानी हुँदा ब्याजमा ४९ अर्ब ७८ करोड भुक्तानी गरिएको छ । यस्तै बाह्य ऋणको साँवा भुक्तानीमा २६ अर्ब ८७ करोड रुपैयाँ खर्च भएको छ भने ब्याज भुक्तानीमा ६ अर्ब ८७ करोड रुपैयाँ भुक्तानी गरिएको छ ।

लिएको ऋण ब्याजमै खर्च !

आर्थिक वर्षको चैतसम्म सरकारले लिएको जम्मा ऋण २३ खर्ब ८५ अर्ब ७९ करोड रूपैयाँ पुगिसकेको छ । वर्षेनि ल्याउने सरकारी बजेटले विनियोजन गर्ने विकास खर्च र वित्तीय खर्चका लागि ऋण लिने गरेको हो । नेपालको पछिल्लो जनसंख्याअनुसार प्रति नेपालीको टाउकोमा ८१ हजार ८ सय रूपैयाँ ऋणको भारी छ ।

पछिल्लो दशकको तथ्यांक हेर्दा वर्षेनि औसतमा ३ खर्ब ऋण थपिदै गएको छ । तर लिएका् ऋणको अधिकांश हिस्सा ऋणको साँवा र ब्याज तिर्नमै खर्च हुने गरेको छ । सरकारले विकास खर्चको स्रोतका रूपमा पनि ऋण नै राखे पनि लिएको ऋण तिर्नमै ठिक्क भएपछि विकासका कामहरू ठप्पप्राय छन् ।

एक दशकमा १८ खर्ब ऋण थप

तथ्यांकअनुसार आर्थिक वर्ष २०७१/०७२ मा ५ खर्ब ४४ अर्ब २१ करोड मात्र ऋणको दायित्व थियो । तर २०८०/०८१ सम्म आइपुग्दा २३ खर्ब नाघिसकेको छ । यो तथ्यांकले एक दशकमा पाँच गुणले ऋण थपिएको स्पष्ट हुन्छ । तथ्यांकअनुसार २ दशक अघिसम्म नेपालले लिने ऋण रकम अत्यन्तै कम थियो । तर पछिल्लो एक दशकमा हरेक वर्ष लिएर तिर्न नसक्दा सार्वजनिक ऋणको आकार निकै ठूलो बनेको हो ।



> २०८०/०८१ सम्म आइपुग्दा २३ खर्ब नाघिसकेको छ । यो तथ्यांकले एक दशकमा पाँच गुणले ऋण थपिएको स्पष्ट हुन्छ ।

जसका कारण ब्याजमै ठूलो रकम खर्च गर्नु परेको छ । तथ्यांकअनुसार एक दशकअघि आर्थिक वर्ष २०७१/०७२ को मात्रै तथ्यांक हेर्दा नेपालले भुक्तानी गरेको कूल रकमको १२ प्रतिशत मात्रै ब्याज थियो । अर्थात् सो आर्थिक वर्षमा भुक्तानी गरेको ७३ अर्ब ७६ करोडमध्ये ९ अर्ब २९ करोड मात्रै ब्याज थियो ।

आर्थिक वर्ष २०७९/८० मा सरकारले आन्तरिक र बाह्य गरी ३ खर्ब ७७ अर्ब १४ करोड रूपैयाँ कूल ऋण लिँदा १ खर्ब ४९ अर्ब ७१ करोड रूपैयाँ सावाँ फिर्ता गरेको छ भने ७२ अर्ब ७८ करोड ब्याज भुक्तानी भएको छ । यो रकम कूल भुक्तानीको ३२ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०७८/०७९को तथ्यांअनुसार ४५ अर्ब १२ करोड ब्याज भुक्तानी भएको छ भने ७६ अर्ब ७४ करोड रूपैयाँ साँवा तिरिएको छ ।

यसैगरी आर्थिक वर्ष २०७७/०७८ मा सरकारको ऋण भुक्तानीको तथ्यांक हेर्दा कूल ९५ अर्ब १ करोड मध्ये ३४ अर्ब ६३ करोड रुपैयाँ ब्याज मात्रै तिरेको छ । सो आर्थिक वर्षमा कूल भुक्तानीको ३६.४४ प्रतिशत रकम ब्याज मात्रै हुन आउँछ ।

उसोत विश्वका अधिकांश देशहरूले बजेटको मुख्य स्रोतका रुपमा आन्तरिक राजश्वपछि ऋणलाई नै लिने गरेको पाइन्छ । तर नेपालको सन्दर्भमा जुन प्रयोजनका लागि लिएको हो त्यो पुरा नगरी ऋण मात्रै थपिने प्रवृत्ति निकै दु:खद भएको अर्थशास्त्रीहरू बताउँछन् ।

अर्थशास्त्री गोविन्द नेपालको बुझाइमा ऋण बढ्दै जाने र ब्याज तिर्नै सकस हुने स्थिति निकै संकटपूर्ण हो । उनी भन्छन्, 'ऋण थपिरहेको छ । त्यसले उपलब्धी केही गरेको छैन । यसले संकट मात्रै बढाइरहेको छ ।'

उनले लिएको ऋण एक लाभ प्राप्त गर्ने क्षेत्रमा खर्च नहुने प्रवृत्तिले समस्या बढिरहेको बताए । 'यस्तो अवस्थाले भोलि साँवा ब्याज तिर्न नै सकिन्छ । ठूला आयोजनाहरू निर्माणमा ढिलाइ गर्दा झन समस्या थपिन्छ' उनले भने, 'ऋणले निर्माण हुने आयोजनाको लाभ लागत विश्लेषण गर्नैपर्छ । कहिलेदेखि लाभ आउँछ भन्ने कुरा ख्याल गरेर त्यसैको आम्दानीबाट साँवा ब्याज तिर्ने गरी योजना बनाउनुपर्छ ।'

नेपालले अहिलेसम्म अन्तर्राष्ट्रिय ऋणमा विभिन्न कसिमको सहुलियत पाउने गरेको थियो भने अनुदान पनि पाउने गरेको थियो । नेपाललाई अति कम विकसित मुलुकको सूचीबाट नेपाल विकासशील मुलुकको सूचीमा जानका लागि सिफारिस गरिएको छ । यदि नेपाल विकासशील राष्ट्रको सूचीमा उक्लिएमा त्यस्तो सहुलियत ऋण, अनुदान र बजार सहुलियतबाट अधिकतम रूपमा बञ्चित हुनुपर्नेछ । यसले ऋणको ब्यादर पनि बढ्नेछ ।

# पाँच सय जनप्रतिनिधिविरुद्ध भ्रष्टाचार मुद्दा

भ्रष्टाचार गरेको रकम जनप्रतिनिधिहरुले आमाबुबा, पत्नी, दाजुभाइ, सासुससुरा वा नजिकका आफन्तको नाममा राख्ने गर्छन् । आफन्तकै नामबाट घरजग्गा खरिद गर्ने, विभिन्न कम्पनीमा लगानी गर्ने, शेयर खरिद गर्ने, जीवन बीमामा राख्ने गरेको अनुसन्धान अधिकृतहरु बताउँछन् ।



> त्रैमासिकरुपमा प्रतिवेदन निकाल्ने गरिएको छ । केही दिनमा अद्यावधिक तथ्यांक सार्वजनिक हुनेछ ।
>
> ■ **नरहरि घिमिरे**
> **प्रवक्ता, अख्तियार**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

सर्लाहीको बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापा भ्रष्टाचारको मुद्दा खेपिरहेका छन् । गत २८ चैत २०८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले थापाले स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । गैरकानुनी रुपमा पाँच करोड ३३ लाख ५३ हजार एक सय ७९ रुपैयाँ सम्पत्ति आर्जन गरेको थापामाथि अख्तियारको दाबी छ ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार जनप्रतिनिधिविरुद्ध भ्रष्टाचारको आरोपमा मुद्दा परेको यो पछिल्लो उदाहरण हो । अख्तियार कार्यालयका अनुसार भ्रष्टाचारमा मुछिने जनप्रतिनिधिहरुको संख्या ठूलो छ । पछिल्लो चार वर्षमा पाँच सय भन्दा बढी जनप्रतिनिधिविरुद्ध मुद्दा विशेष अदालतमा पुगेको छ ।

अख्तियारको तथ्यांकअनुसार पछिल्लो चार वर्षमा भ्रष्टाचारको आरोपमा ४६९ जनप्रतिनिधिविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको छ । अख्तियार कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा ७०, २०७७/०७८ मा २२, २०७८/०७९ मा १५१ र २०७९/८० मा २२६ जना जनप्रतिनिधि भ्रष्टाचारका अभियुक्त बनेका छन् । यो तथ्याङ्क २०८० साल भदौ मसान्तसम्मको हो । त्यस यता अदालतमा मुद्दा पुगेकाहरुका विवरण समावेश गर्दा पाँच सय नाघ्ने अख्तियारका अधिकारीहरु बताउँछन् ।

अख्तियारका प्रवक्ता घिमिरेका अनुसार २०८० सालको विवरण सार्वजनिक गर्ने तयारी छ । त्यसपछि यकिन तथ्यांक आउनेछ । अनुसन्धानमा संलग्न अधिकारीहरुका अनुसार जनप्रतिनिधि भ्रष्टाचारमा संलग्न रहेको प्रमाण जुटाउनै मुस्किल छ । प्रमाण जुटेकाहरुको सन्दर्भमा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गर्ने गरेको छ । जनप्रतिनिधिहरुले भ्रष्टाचार गरेको रकम आमाबुबा, श्रीमती, दाजु, भाइ, सासुससुरा वा नजिकका आफन्तको नाममा राख्ने गर्छन् । आफन्तकै नामबाट घरजग्गा खरीद गर्ने, विभिन्न कम्पनीमा गरेको लगानी गर्ने, शेयर खरीद गर्ने, जीवन बीमा प्रिमियम भुक्तानी लगायतमा राख्ने गरेको अनुसन्धान अधिकृतहरु बताउँछन् । यस्तो हुने भएकाले अनुसन्धानमा

>>> पृष्ठ २ मा

# डढेलोबाट वन जोगाउन रातभर गस्ती

अर्घाखाँची डोहोटेका स्थानीय किसानलाई कसैले वनमा आगो लगाइदिए आफ्नो जग्गाका बालीनाली समेत नष्ट हुने चिन्ता छ । यसकारण डढेलोबाट वन र आफ्नो कृषि उपज जोगाउन उनीहरु रातभर गस्ती गर्छन् ।

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ वैशाख ।

हिउँदयाम लागेसँगै अर्घाखाँची डोहोटेका रेशमराज बन्जाडेको दैनिकी फेरिएको छ । सामुदायिक वन डढेलो नियन्त्रण सञ्जाल डोहोटे अर्घाखाँचीका अध्यक्ष रहेका उनी दिनभर डढेलोबाट वन कसरी जोगाउने भनेर स्थानीय समुदायसँग छलफलमा रहन्छन् । राती आलोपालोमा गस्तीमा पुग्छन् । बन्जाडे मात्रै होइन, डोहोटेका स्थानीय किसानलाई कसैले वनमा आगो लगाइदिए आफ्नो जग्गाका बालीनाली समेत नष्ट हुने चिन्ता छ । यसकारण डढेलोबाट वन र आफ्नो कृषि उपज जोगाउन उनीहरु रातभर गस्ती गर्छन् ।



वनमा आगो लागे बस्ती र बालीनालीमा नपुगोस् भनेर पातपतिङ्गर हटाउँदै अर्घाखाँची डोहोटेका स्थानीयहरु ।

त्यस क्षेत्रका सामुदायिक वनका अध्यक्ष, पदाधिकारी, सदस्यहरु, सव डिभिजन कार्यालय बाणगंगा, सव डिभिजन वन कार्यालय शितगंगा, सामुदायिक वनमा काम गर्ने संघसंस्था तथा सरोकारवालाहरू डढेलो नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम चलाइरहेका छन् । दिनभरको छलफल र भेटघाटले समेत पूर्ण विश्वास हुन नसकेपछि डढेलोबाट वन जोगाउन रातभर गस्ती गर्ने गरेका हुन् ।

बाणगंगा सव डिभिजन कार्यालयका वन अधिकृत पन्नालाल भट्टराई वसन्त ऋतु (चैत/वैशाख)मा वनजंगल जोगाउनै सकस पर्ने गरेको बताउँछन् ।

बाणगंगाकै सव डिभिजन अन्तर्गत धिरिखोला सामुदायिक वन उपभोक्ता समितिका पूर्वअध्यक्ष नारायण पौडेल थप्छन्, 'उपभोक्ताहरूले वर्षभरि दु:ख गरेर जोगाएको वन डढेलोले एकैछिनमा सखाप पारिदिन्छ, त्यसैले पनि हामी उपभोक्तालाई चैत, वैशाखमा जहिल्यै वन जंगल जोगाउने चिन्ता पर्छ ।'

> वर्षभरि दु:ख गरेर जोगाएको वन र बाली डढेलोले सखाप पारिदिन्छ । यसकारण हामी उपभोक्तालाई चैत, वैशाखमा जहिल्यै जंगल जोगाउने चिन्ता पर्छ ।
>
> ■ **नारायण पौडेल**
> **पूर्वअध्यक्ष**
> **धिरिखोला सामुदायिक वन उपभोक्ता समिति, बाणगंगा**

वैज्ञानिक वन व्यवस्थापन समितिका केन्द्रीय सदस्यसमेत रहेका पौडेल पनि पनि हिउँद लागेसँगै डढेलोबाट वन कसरी जोगाउने भनेर समुदायमा छलफलमा व्यस्त देखिन्छन् ।

गैडे सामुदायिक वन उपभोक्ता समितिका सचिव तथा वैज्ञानिक वन व्यवस्थापन महासंघका केन्द्रीय सदस्य सीता बेल्बासेका अनुसार अर्घाखाँचीको शितगंगा नगरपालिकाभित्र ११० वटा सालघारि छन् । ती वनमा सामुदायिक वन उपभोक्ता समितिहरुले अग्निरेखा नियन्त्रण, आगलागी नियन्त्रणसम्बन्धी जनचेतना जगाउने खालका सन्देश दिने गरेका छन् । यति गर्दा समेत 'अबुझ व्यक्तिहरू'ले आगो लगाइदिन सक्ने चिन्ता स्थानीयमा छ ।

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# दुबई एयरपोर्टमा आएको बाढीले सैयौं नेपाली कामदार प्रभावित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख



दुबई अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गमा बाढी आएपछि दुबई विमानस्थल अस्तव्यस्त बनेको छ । यूएईमा मंगलबार भएको रेकर्ड वर्षापछि विमानस्थल धावनमार्गमा बाढी आएको हो । बाढी आएर सेवाहरू अवरुद्ध हुँदा वैदेशिक रोजगारीमा गएका सयौं नेपालीहरू पनि प्रभावित बनेका छन्। बाढीबाट यातायात प्रभावित भएपछि उनीहरु रोजगारस्थलमा जान नसकी विमानस्थलमा रोकिएका हुन् । विमानस्थल अधिकारीले छिट्टै विमान अवतरण तथा अन्य ह्याण्डलिङको काम हुन सक्ने बताएका छन् ।

विश्वका ठूला विमानस्थल अन्तर्गत पर्ने दुबई विमानस्थलले यात्रुहरूलाई उनीहरूको उडानको बारेमा नयाँ जानकारीका लागि सिधै आफ्नो एयरलाइन्ससँग सम्पर्क गर्न आग्रह गरेको छ ।

यूएईमा मंगलबार ११० मिलिमिटर वर्षा भएको छ, जुन ७५ वर्षयताकै उच्च भएको बताइएको छ । धेरै एयरलाइन्सहरू मंगलबार र बुधबार उडानहरू रद्द गर्न र पुन: तालिका बनाउन बाध्य भएको बताइएको छ । दुबई विमानस्थलले यात्रुहरूलाई एयरपोर्टमा आउनु अघि उनीहरूको उडानको स्थितिको बारेमा जानकारी लिन पटक-पटक भनिरहेको छ ।

बाढीका कारणले आवागमनमा कठिनाइ भएपछि आगामी शुक्रबारसम्म घरबाटै काम गर्न सरकारी कर्मचारीलाई निर्देशन दिइएको पनि युएईको खालिज टाइम्स अनलाइनले जनाएको छ। बाढीले बगाएका १ सय ५० बढीलाई उपचारका लागि अस्पताल भर्ना गरिएको बताइएको छ।

## तमु समाज मलेसियाद्वारा बिरामी गुरुङको उद्धार



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, ५ वैशाख

वैदेशिक रोजगारीको लागि ९ वर्ष अघि मलेसिया पुगेका गोरखा आरुघाट गाउँपालिका वडा नं.५, जलफुङ्का अमर गुरुङलाई तमु समाज मलेसियाले उद्धार गरी स्वदेश फर्काएको छ ।

अवैधानिक हैसियतमा मलेसियामा कार्यरत रहेका गुरुङ सडक दुर्घटनामा परी घाइते भएका थिए । उपचाररत अवस्थामा रहेको गुरुङको थप

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
५ वैशाख २०८१, बिहीबार
18 April 2024, Thursday

# अधुरा र अलपत्र कामहरुलाई आउँदो निर्वाचनसम्ममा पूरा गर्छौं : ओली

**इलाम/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले इलाम क्षेत्र नं २ मा एमालेले उम्मेदवार बनाएका युवा सुहाङ नेम्वाङलाई जिताउन यहाँका मतदाताहरुलाई अपिल गरेका छन् ।

इलाम क्षेत्र नं २ को देउमाई नगरपालिकास्थित मङ्गलबारे बजारमा बुधबार आयोजना गरिएको चुनावी सभालाई सम्बोधन गर्दै उनले सो अपिल गरे ।

नेकपा (एमाले)का यस क्षेत्रका सांसद सुवासचन्द्र नेम्वाङको गएको भदौ २६ गते मृत्यु भएपछि इलाम क्षेत्र नं २ मा उपनिर्वाचन हुन लागेको हो । स्वर्गीय नेता सुवासचन्द्र नेम्वाङको सपना पूरा गर्न पनि उनका छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाइएको भन्दै अध्यक्ष ओलीले सुहाङलाई मतदान गर्न आग्रह गरे ।

इलाम क्षेत्र नं २ को विकास र यहाँका नागरिकको समृद्धिका लागि सुहाङ नेम्वाङ विजयी हुनुपर्ने उनको भनाइ थियो ।



नेकपा (एमाले)ले घरघरमा वृद्ध भत्ता पुर्‍याएको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको र सडक निर्माणलगायत धेरै काम गरेको पनि उनले बताए ।

अध्यक्ष ओलीले एमालेले मुलुकमा कस्तो विकास गर्छ भन्ने कुरा आफू प्रधानमन्त्री हुँदा देखाएको बताए ।

उनले भने, 'म प्रधानमन्त्री हुँदा दुई सय १० पालिकादेखि सदरमुकाम जोड्ने सडक र तीन सय ९६ वटा पालिकामा अस्पताल बनाउन शिलान्यास गरेको थिएँ तर सरकारबाट बाहिरिएपछि ती सबै अलपत्र परेका छन् । अब अधुरा र अलपत्र कामहरुलाई आउँदो निर्वाचनसम्ममा पूरा गर्नुपर्छ ।'

एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले एकल जातीय पहिचानको कुराले जातीय सद्भावलाई खल्बल्याउने धारणा राखे । नेकपा (माओवादी केन्द्र) को कोशी प्रदेशका अध्यक्ष हर्क नेम्वाङले कम्युनिष्टहरुलाई एक ठाउँमा ल्याउने 'एजेन्डा' पूरा गर्नका लागि पनि वामपन्थीहरुका साझा उम्मेदवार सुहाङलाई विजयी गराउनुपर्ने बताए ।

सो सभामा उम्मेदवार नेम्वाङले आफूले जितेको खण्डमा इलाम क्षेत्र नं २ को विकास गर्ने र यहाँका नागरिकले शिर झुकाउनुपर्ने कुनै काम नगर्ने बताए । उनले यही वैशाख १५ गते हुने निर्वाचनमा आफूलाई मतदान गर्न अपिल पनि गरे ।

यस क्षेत्रमा १२ राजनीतिक दल र सात स्वतन्त्र गरी १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । एमालेका सुहाङसँगै नेपाली कांग्रेसका इलाम सभापति डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू र पहिचानवादीका स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बू (थेगिम) रहेका छन् ।

# सम्पादक श्रेष्ठले वृक्षारोपण गरेर मनाए जन्मदिन





**काठमाडौं/मस–** मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले आफ्नो जन्मदिन वृक्षारोपण गरेर मनाएका छन् । आफ्नो जन्मदिनका अवसरमा सामाजिक कार्य गर्दै आएका सम्पादक श्रेष्ठले यसपटक वैशाख ५ गते बुधबार तराई विकास तथा सञ्चार केन्द्र नेपाल काठमाडौंको संयोजनमा राजधानीको तीनकुनेमा एबोगाडोको बिरुवा रोपेर जन्म दिन मनाएका हुन् ।

सो अवसरमा संक्षिप्त मन्तव्य राख्दै सम्पादक श्रेष्ठले प्रकृति संरक्षणका लागि वृक्षारोपण कार्य महत्वपूर्ण रहेको बताए । सम्पादक श्रेष्ठले बढ्दो शहरीकरणले हरियाली पक्ष जोखिममा परेको अवस्थामा 'जन्मदिनलाई सत्कर्ममा जोडौं, वृक्षारोपण गरौं'भन्ने अभियान चलाउँदै आएको तराई विकास तथा सञ्चार केन्द्र नेपाल काठमाडौंका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका सचिव गोविन्द चौलागाईंलाई धन्यवाद दिँदै आभार व्यक्त गरे ।

सो अवसरमा संक्षिप्त मन्तव्य राख्दै राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सिद्रराज राईले वन जंगल विनास हुँदै जाँदा जलवायु परिवर्तनले पर्यावरणमा गहिरो असर गरेको अवस्थामा वरिष्ठ पत्रकार मदनकुमार श्रेष्ठले जन्मदिनको अवसरमा वृक्षारोपणको कार्य गरेर अनुकरणीय कार्य गरेको बताए ।

यस्तै केन्द्रका अध्यक्ष चौलागाईंले जन्मदिनको अवसरमा विभिन्न खालका भड्किला कार्यक्रम गरेर साधन र स्रोतको फजुल खर्च गर्ने बढ्दो परिवेशमा सम्पादक श्रेष्ठले वृक्षारोपण गरेर पर्यावरण संरक्षणमा योगदान दिएको बताए । उनले सञ्चारकर्मी तथा नागरिक अभियानमा लागि परेका व्यक्तित्वहरूले आफ्नो जन्मदिनको अवसरमा वृक्षारोपण, वृद्धवृद्धा तथा आश्रय विहीन बालबालिकाको शिक्षा दीक्षाका लागि योगदान गर्ने संस्कृतिको शुरूवात गर्नुपर्ने धारणा राखे । त्यस अवसरमा मध्यान्ह दैनिककी प्रकाशक सितादेवी श्रेष्ठले पनि वृक्षारोपण गरेकी थिइन् । सो अवसरमा केन्द्रका पदाधिकारीहरू उदय मास्के, एलिजा लामिछाने, पत्रकार महासंघ काठमाडौंकी पूर्व उपाध्यक्ष सीता पोखेल, हिमान्सु मिश्र, सुदान्सु मिश्र, मनोज थापा, मध्यान्ह दैनिकका उपसम्पादक मुकुन्द लामिछाने, अर्थ विभाग प्रमुख सागर तिमिल्सिना, वैदेशिक रोजगार विट प्रमुख रेशमराज पौडेल, उपत्यका संवाददाता लक्ष्मी खरेललगायत केन्द्रका वृक्षारोपण अभियन्ताहरुको उपस्थिति रहेको थियो ।

# जसपाका रौतहट अध्यक्षद्वारा आफ्नै लगानीमा टावरबत्ती जडान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ वैशाख

जनता समाजवादी पार्टी नेपाल रौतहटका अध्यक्ष श्याम विहारी यादवले आफ्नै व्यक्तिगत लगानीमा लाखौंको टावर लाइट जडान गरेका छन् ।

जसपाका जिल्ला अध्यक्ष यादवको व्यक्तिगत लगानीमा जिल्लाको माधवनारायण नगरपालिका-३ भेल्ही बजारमा सुविधा सम्पन्न अत्याधुनिक टावर लाइट बुधबारदेखि सञ्चालनमा आएको छ ।



माधवनारायण नगरपालिकाका पूर्व नगर प्रमुख विरेन्द्र प्रसाद यादवले उक्त टावर लाइटको स्वीच थिचेर बुधबार उद्घाटन गरेका छन् ।

भेल्ही बजारमा टावर लाइट नहुँदा रातिको समयमा सर्वसाधारण जनतालाई हिँड्डुल गर्न समस्या भइरहेको भनी व्यापक गुनासो आएपछि अध्यक्ष यादवले आफ्नै व्यक्तिगत लाखौंको लागतमा उक्त टावर लाइट जडान गरी सञ्चालनमा ल्याएका हुन् ।

टावरबत्तीको अभावमा आम नागरिकलाई रातिको समयमा हिँड्डुल गर्न समस्या नहोस् र चोरी तथा आपराधिक क्रियाकलाप रोक्ने वा नियन्त्रण गर्ने उद्देश्यले लाइट जडान गरी सञ्चालन गरेको जिल्ला अध्यक्ष यादवले बताए । टावर लाइट सञ्चालनमा आएपछि भेल्ही बजार अब उज्यालोमय बनेको छ भने स्थानीयबासीन्दाहरु निकै हर्षित भएका छन् । रौतहट क्षेत्र नं १ का सांसदहरुले टावर लाइट जडान गर्न नसकेको अवस्थामा आफ्नै लगानीमा टावर लाइट सञ्चालन गरी सराहनीय काम गरेको भन्दै स्थानीयहरुले जसपा जिल्ला अध्यक्ष यादवको प्रशंसा गर्न थालेका छन् । सो अवसरमा जसपाका वडा अध्यक्ष प्रत्याशी रामबहादुर यादव, नेता शम्भु यादव, बिगनेश पसवान, तपसि यादव, उमाशंकर साह र भेल्हि मेला समितिका अध्यक्ष विरेन्द्र साह लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# राजापुरको कौवा बजारमा सडक नाटक प्रदर्शन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ५ वैशाख

बर्दियाको राजापुर नगरपालिका वडा नं. ५ को कौवा बजारमा बाल विवाह, लागुपदार्थ दुर्व्यसन तथा लैंगिक हिंसाविरुद्धको जनचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ ।

प्लान नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित 'सशक्त बालिका परियोजना' अन्तर्गत राधाकृष्ण थारु जनसेवा केन्द्रले बुधबार सडक नाटक प्रदर्शन गरेको हो ।

समुदायमा हुने बाल विवाहबाट उत्पन्न हुने समस्या तथा लागुपदार्थ दुर्व्यसन तथा लैंगिक हिंसाका घटनाका बारेमा समुदायलाई सचेतिकरण गर्ने उद्देश्यले नाटक प्रदर्शन गरिएको राधाकृष्ण थारु जनसेवा केन्द्रकी फिल्ड सुपरभाइजर दिक्षा विष्टले बताइन् । बालविवाह भइसकेपछि आउने समस्या तथा लैंगिक हिंसा के कसरी हुन्छ र यसलाई न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने बारेमा नाटकको माध्यमबाट सन्देश दिन खोजिएको थियो । बालविवाहको



कारण बालक तथा बालिकाको शिक्षा, स्वास्थ्य र उनीहरूको जीवन तथा परिवारमा पर्न सक्ने असर एवम् बालविवाहको कारण बालबालिकाको आर्थिक, शैक्षिक र स्वास्थ्य सम्बन्धी दीर्घकालिन समस्याका बारेमा जानकारी गराइ त्यसलाई रोकथाम गर्न समुदायलाईनै उत्प्रेरित गर्न नाटक प्रदर्शन गरिएको थियो ।

बालविवाह बढी हुने अर्थात् बालबालिका सम्बन्धी घटना बढी आउने समुदाय छनौट गरेर नाटक प्रदर्शन गरिएको आयोजकले जनाएको छ ।

सडक नाटक प्रदर्शनले स्थानीयवासी र सरोकारवाला निकायहरूलाई जिम्मेवार र सचेत बनाउन ध्यानाकर्षण गरेको राजापुर नगरपालिकाका सामाजिक विकास समितिका संयोजक तथा वडा नं. ५ का वडा अध्यक्ष रमेश दहितले बताए ।

सडक नाटकमा स्थानीय जनप्रतिनिधि, समाजका बुद्धिजीवि,राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयको उल्लेख्य उपस्थिति रहेको थियो ।

# करारका कार्यालय सहयोगीहरु हटाउँदै सिमकोट गाउँपालिका



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ५ वैशाख

हुम्लाको सिमकोट गाउँपालिकाले कार्यालय सहयोगीहरु धेरै भएको भन्दै हटाउने निर्णय गरेको छ । सिमकोट गाउँपालिका भरी ३२ जना कार्यालय सहयोगीहरु छन् । त्यसमध्ये २४ जना करारका र ८ जना स्थायी दरबन्दी कार्यालय सहयोगी छन् ।

ठूलो संख्यामा गाउँपालिकाले कार्यालय सहयोगी भर्ना गरेको हुँदा जेठ महिनासम्म सबै करार कार्यालय सहयोगी हटाउने र न्यून संख्यामा कार्यालय सहयोगी राख्ने निर्णय गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सुवास आलेले जानकारी दिए ।

यसले गर्दा आर्थिक भार गाउँपालिकाले भोग्दै आएको र काम भन्दा बढी कार्यालय सहयोगी भएकाले हटाउन खोजिएको प्रमुख प्रशासकीय अधिकृत आलेको भनाइ छ । गाउँपालिकामा भएका करार कार्यालय सहयोगीलाई यसभन्दा अगाडिका वर्ष प्रति महिना २२ हजार पाँच सय रुपैयाँ तलब दिँदै आएको भएपनि आफू यस गाउँपालिकामा आएदेखि ५ हजार घटाएर १७ हजार पाँच सय रुपैयाँ प्रतिमहिना दिँदै आएको आलेले बताए ।

२४ जना करार कार्यालय सहयोगीलाई यसभन्दा अगाडिका वर्षमा प्रति महिना ५ लाख ४० हजार गाउँपालिकाबाट भुक्तानी हुन्थ्यो, तर अहिले ४ लाख २० हजार भुक्तानी हुन्छ । घटाएर दिँदा १ लाख २० हजार बच्ने हुँदा त्यो रकम गाउँपालिकाको काममा खर्च गरिने उनले बताए । घटाएर तलब दिँदा पनि आर्थिक भार हुने र अनावश्यक कर्मचारी बढी हुने हुँदा जेठ महिनासम्म करारका कार्यालय सहयोगीहरु मात्र राख्ने र त्यसपछि हटाउने निर्णय गरिएको गाउँपालिकाले जनाएको छ ।

## पाँच...

प्रमाण जुटाउन अनुसन्धान अधिकृतहरुलाई सकस पर्ने गरेको हो ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अख्तियारमा भ्रष्टाचार सम्बन्धी सबैभन्दा बढी उजुरी स्थानीय तहसँग सम्बन्धित रहने गरेका छन् । त्यसमा जनप्रतिनिधिको संख्या पनि ठूलो रहेको छ ।

अख्तियारको पछिल्लो वार्षिक प्रतिवेदनमा भनिएको छ, 'आयोगमा परेका संघ, प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरुका उजुरीहरुलाई तहगत आधारमा विश्लेषण गर्दा उजुरीको झण्डै आधा हिस्सा स्थानीय तहसम्बद्ध निकायहरुका विरुद्ध परेको देखिन्छ ।'

संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरुमा अलग-अलग रुपमा प्रदेशगत उजुरीलाई विश्लेषण गर्दा प्रत्येक प्रदेशमा स्थानीय तहका निकायविरुद्ध बढी उजुरी पर्ने गरेको छ ।

## डढेलोबाट...

डिभिजन वन कार्यालय अर्घाखाँचीका वरिष्ठ डिभिजन वन अधिकृत ईश्वरीप्रसाद पौडेल आगलागी भइ बहुमूल्य काठ, जडीबुटी तथा जीवजन्तुको बासस्थान, स-साना बोटबिरुवा वर्षेनी नोक्सान हुने गरेको बताउँछन् । त्यसलाई रोक्न वनका कर्मचारी समेत रातीमा गस्तीमा संलग्न हुने गर्दछन् ।

उनी भन्छन्, 'वनजंगलमा डढेलो लाग्न नदिनका लागि वन कार्यालय एक्लैले केही गर्न सक्दैन, त्यसका लागि सरोकारवाला निकाय सबैको सहयोग र आम उपभोक्ताले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यो सहयोग अर्घाखाँचीमा हुने गरेकाले डढेलोमा कमी आएको छ ।'

डिभिजन वन कार्यालय अर्घाखाँचीका वरिष्ठ वन अधिकृत मदन प्रसाद ढुंगाना ' आगलागी भइ बहुमूल्य काठ, जडीबुटी तथा जीवजन्तुको बासस्थान, स-साना बोटबिरुवा वर्षेनी नोक्सान हुने गरेकाले त्यो जोगाउन वन कार्यालय केही सफल भएको' बताउँछन् ।

सामुदायिक वन उपभोक्ता महासंघ अर्घाखाँचीका नेता लक्ष्मण पराजुली वन क्षेत्रमा डढेलो लाग्दा चाहिने सुरक्षा सामग्री र दक्ष तथा तालिमप्राप्त जनशक्ति नहुँदा समस्या हुने गरेको बताउँछन् ।

शितगंगा सव डिभिजन कार्यालयका वरिष्ठ वन अधिकृत मरिच लामा अगाडि थप्छन्, 'घना जंगल रहेको अर्घाखाँचीको दक्षिणी खाचीमा वन क्षेत्र वर्षेनी डढेलोका कारण जोगाउन कठिन छ ।'

डिभिजन वन कार्यालय अर्घाखाँचीका वरिष्ठ डिभिजन वन अधिकृत पौडेल पनि जंगलमा डढेलो लाग्दा अग्नि नियन्त्रण गर्ने दक्ष जनशक्ति अभाव रहेको गुनासो गर्छन ।

उनी भन्छन्, 'डढेलो नियन्त्रणका लागि हामीसँग छुट्टै दक्ष जनशक्ति छैन, वनरक्षक, सामुदायिक वनका पदाधिकारी र सेना तथा प्रहरीकै सहयोगमा हामीले डढेलो नियन्त्रणमा लिने प्रयास गर्दै आएका छौं ।'

डिभिजन वन कार्यालयलाई अग्नि नियन्त्रण गर्न चाहिने एक अलग्गै दमकल, सव डिभिजनका लागि पानी बोक्ने ट्यांकर नहुँदा जंगलमा आगो सल्किए नियन्त्रणमा लिन गाह्रो हुने डिडिजन वन कार्यालयका सूचना अधिकारी यादव सापकोटाले बताए ।

डढेलो नियन्त्रणका लागि चाहिने पर्याप्त आवश्यक सामग्री हुनुका साथै डढेलोका लागि मात्रै छुट्टै मोबाइल टोली बनाउन सकिए जंगल जोगिन सक्ने सूचना अधिकारी सापकोटको विश्वास छ ।

डिडिजन वन कार्यालयका अनुसार अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकासँग मात्रै एउटा दम्कल छ । सोही दम्कल जिल्लाभर प्रयोग हुने गरेको छ ।

## तमु...

उपचारको लागि तमु समाज मलेसियाले सहयोग गरी हिमालयन एयरमार्फत स्वदेश फिर्ता गराएको हो ।

नेपाली राजदूतावास मलेसियाले गुरुङलाई ट्राभल डकुमेन्ट उपलब्ध गराएर सहयोग गरेको थियो ।

# दुई समूहबीच झडप



**काठमाडौं/मस**-मोरङस्थित विराटनगरमा दुई समूहबीच झडप भएको छ । बुधबार दुई समूहबीच झडप हुँदा स्थिति तनावग्रस्त बनेको हो । रामनवमीको अवसरमा निकालिएको र्‍यालीमा सहभागी दुई समूहबीच विवाद भएको थियो । विवाद चर्कँदै गएपछि झडपको स्थिति सिर्जना भएको हो ।

एक समूहले निकालेको र्‍यालीलाई विराटनगर १५ मा अर्को समूहले अवरोध गरेपछि झडप भएको थियो । प्रहरीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरेको थियो । सो क्रममा केही राउण्ड हवाई फायर र केही सेल अश्रुग्याँस पनि प्रहार गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# गाँजासहित सात जना पक्राउ

**बागमती/मस**-पर्सा राष्ट्रिय निकुञ्ज हुँदै प्रतिबन्धित लागुऔषध गाँजा तस्करी गरिरहेको आरोपमा पक्राउ परेका सात जनालाई बुधबार जिल्ला प्रहरी कार्यालय मकवानपुरले सार्वजनिक गरेको छ । पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-४ माथिल्लो मसिने भनिने स्थानबाट लागुऔषध गाँजा एक क्विन्टल ३० किलो एक सय ५० ग्रामसहित मंगलबार पक्राउ गरेका सात जनालाई प्रहरीले सार्वजनिक गरेको हो ।

निकुञ्जअन्तर्गत पदमपोखरी सेक्टर लामिटारबाट खटिएको नेपाली सेनाको टोली र निकुञ्ज प्रशासनको संयुक्त टोलीले गाँजासहित मकवानपुरको कैलाश गाउँपालिका-४ निवासी २८ वर्षीय बमबहादुर चेपाङ, २७ वर्षीय वीरमान प्रजा, २७ वर्षीय हरिकुमार प्रजा, राक्सिराङ गाउँपालिका-७ निवासी १९ वर्षीय टीकाराम प्रजा, मनहरी गाउँपालिका-५ निवासी ३६ वर्षीय दीपक थापा मगर, मनहरी गाउँपालिका-३ निवासी ४४ वर्षीय रामहरि लुइँटेल र एक नाबालकलाई पक्राउ गरेको थियो ।

पक्राउ परेकालाई सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

# ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवाको वार्षिक साधारण सभा सम्पन्न

**बााके/मस–** नेपालगन्ज उपमहानगरपालिका वडा नं. ५ फुलटेक्रास्थित ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवाको १४ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका सचिव प्रदीप शाहद्वारा सञ्चालित कार्यक्रममा ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवाका अध्यक्ष बिमल कुमार टण्डनको अध्यक्षता, नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त बिष्टको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि बिष्टले १४ औं वार्षिकोत्सव र नयाँ वर्ष २०८१ सालको सबैलाई शुभकामना दिँदै हस्पिटललाई उपमहानगरपालिकाबाट सहयोग गर्ने प्रतिबद्धता जनाए ।

साथै यस हस्पिटलको गुणस्तरीय सेवाले नेपाल र भारतमा नेपालगन्जको पहिचान बढेको भन्दै अझै गुणस्तरीय सेवा दिन आग्रह गरे ।

कार्यक्रममा भेरी अस्पताल नेपालगञ्जका अध्यक्ष वीरेन्द्रबहादुर शाह, गैरसरकारी संस्था महासंघ नेपाल बाँकेका अध्यक्ष चन्द्र प्रकाश तिमिल्सिना लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा कार्यसमितिका सदस्य अभिनाष चौधरीले स्वागत मन्तव्य राखेका थिए । ब्रिनोज कान स्वास्थ्य



सामुदायिक सेवाका प्रबन्धक चेत नारायण चौधरीले नेपाल सरकारमा वि.सं.२०६६ सालमा दर्ता भएको पहिलो संस्था ब्रिनोज कान स्वास्थ्य सामुदायिक सेवा रहेको भन्दै यस हस्पिटलमा २६ जना कर्मचारी कार्यरत रहेको जानकारी गराए । कार्यक्रममा यस क्षेत्रमा आजको समयमा सबैभन्दा बढी ९९ औं पटक रक्तदान गर्नु हुने सञ्चारकर्मी तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार पवन जायसवाललाई प्रमुख अतिथि प्रशान्त बिष्ट, हस्पिटलका अध्यक्ष बिमल कुमार टण्डन, बिशिष्ट अतिथि चन्द्र प्रकाश तिमिल्सिनाले खादा ओढाएर सम्मान गरेका थिए ।

प्रबन्धक चौधरीले गत आर्थिक वर्ष २०७९/०८० को प्रगति प्रतिवेदन बिरामी दर्ता ३२०२८ जना जसमध्ये ९ हजार ९ सय १८ जनाको कान पाक्ने रोग भेटिएका थिए । ७ सय ७४ जनाको कानको अप्रेशन, ४ हजार २ सय ६८ जनाले प्याथालोजी सेवाबाट लाभान्वित भएका थिए । २०६६/०६७ देखि आ.व.२०७९/०८० सम्म २,४८९८२ जना कानका बिरामीहरु लाभान्वित भएको बताएका छन् ।

यस संस्थाले कान सम्बन्धी सबै रोगको परीक्षण र औषधि उपचार वाक्स,फारेन बोदि रिमुभ अप्रेशनहरुमा एम.प्लाष्टि, टि.प्लाष्टि, एम.आर.एम, आर.एम.,तथा कानको सुनाईको जाँच, कान सुन्ने मेसिनहरुको जडान जस्ता सम्पूर्ण सेवाहरु, बिरामीहरुलाई अझ व्यवस्थित र सहुलियत दरमा सेवा प्रदान गर्नको लागि आफ्नै प्याथोलोजिक सेवा सञ्चालनमा रहेको छ । बिरामीहरुलाई थप गुणस्तरीय कान उपचार सेवा दिन र बिरामीहरुको सुरक्षालाई ध्यानमा राखी प्याथोलोजी विभागमा थप परिक्षणहरु समेत शुरु गरिएको छ । बिरामीहरुलाई सहुलियत दरमा गुणस्तरीय र भरपर्दो औषधि उपलब्ध गराउन संस्थाले औषधि पसल सञ्चालन गरेको छ ।

# सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नरेश शाहीको चर्चा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख



सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्रीमा नेकपा एकीकृत समाजवादीका नरेश शाहीको चर्चा शुरु भएको छ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित केन्द्रीय सत्ता गठबन्धनमा रहेका दलहरुका बीचमा सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री एकीकृत समाजवादीले लिने सहमति भएको छ।

शीर्ष नेताहरुबीच भएको सहमति अनुसार एकीकृत समाजवादी पार्टी सुदूरपश्चिम प्रदेशसभा संसदीय दलका नेता दीर्घ सोडारीलाई मुख्यमन्त्रीका लागि अघि बढाउने निर्णय गरेको छ। बुधबार आलोकनगरस्थित केन्द्रीय कार्यालयमा बसेको पार्टीको सचिवालय बैठकले सोडारीको नेतृत्वमा गठबन्धन दलहरुको समर्थनमा मुख्यमन्त्री पदका लागि प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्ने निर्णय गरेको हो।

नेताहरुका अनुसार सचिवालय बैठकमा नरेश शाहीलाई मुख्यमन्त्री बनाउने विषयमा समेत केही नेताले धारणा राखेका थिए। यस्तो धारणा राख्नुको पछाडि नेकपा एमालेका नेताहरुको दीर्घ सोडारीप्रतिको बुझाइ र आग्रह हो। नेकपा एमालेले सोडारीको विकल्प भए राम्रो हुने सुझाएको छ। एमालेको यस्तो आग्रहपछि एकीकृत समाजवादीमा मुख्यमन्त्रीको अर्को पात्रको खोजी हुँदा नरेश शाहीको चर्चा भएको हो।

प्रदेश प्रमुख नजिर मियाँले मुख्यमन्त्रीमा दाबी पेस गर्नका लागि बिहीबार साँझ ५ बजेसम्मको समय दिएका छन्। समयसीमाभित्रै एकीकृत समाजवादीले मुख्यमन्त्रीको दाबी पेश गर्नुपर्ने हुन्छ। केही गरी गठबन्धनमा रहेका दलहरुका बीचमा सोडारीको पक्षमा केही प्रश्न रहे अर्को पात्रका रुपमा नरेश शाहीलाई अगाडि बढाउने एकीकृत समाजवादीका नेताहरु बताउँछन्।

शाही गत चुनावमा बाजुराको प्रदेशसभा (१) बाट विजयी भएका थिए। यसअघि शाही सुदूरपश्चिम प्रदेश सरकारमा आर्थिक मामिला मन्त्री थिए। जिम्मेवारी पाए शाही प्रदेश सरकारको नेतृत्वको लागि तयार रहेको एक नेता बताउँछन्।

प्रदेश सभा सचिवालयको अभिलेख अनुसार २०३८ जेठमा बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- ५ मा जन्मेका शाही सामान्य किसान परिवारबाट उदाएका नेता हुन। उनका स्वर्गीय बुबा जयबहादुर शाही खेतीपातीको काम गर्दथे। स्थानीय भैरवनाथ निम्न माध्यमिक विद्यालयमा कक्षा ७ सम्म अध्ययन गरेका शाहीले स्वामीकार्तिक माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका हुन्। त्यसपछि त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका शाही राजनीति किसानका लागि हुनुपर्ने बताउँछन्। शाही हाल एकीकृत समाजवादी केन्द्रीय सदस्य छन्। सबै दललाई विश्वासमा लिएर जान सक्ने व्यक्ति मुख्यमन्त्री हुनुपर्ने बताउँदै आएका शाही अवसर प्राप्त भए यसका लागि आफू समेत तयार रहेको बताउँछन्।

# एक हप्तासम्म पनि भएन भीमाको शवको पोस्टमार्टम, घर फर्किए आफन्त

**कुलेन्द्र शाही / मध्यान्ह**
सुर्खेत, ५ वैशाख




गत बिहीबार प्रदेश अस्पताल सुर्खेतमा शल्यक्रियाको क्रममा मृत्यु भएकी दैलेख आठबिस नगरपालिका-५, पिपलकोटकी २२ वर्षीया भीमा (गुरुङ) बलामीको शव अझै पोस्टमार्टम हुन सकेको छैन। मृतकका परिवारले अस्पतालले क्षतिपूर्ति नदिएसम्म शव जिम्मा नलिने अडान लिएपछि शव प्रदेश अस्पताल कालागाउँमै थन्किएको छ।

गर्मी मौसम भएकाले एक हप्तादेखि शव त्यसै राखिँदा दुर्गन्ध फैलन सक्ने सम्भावना बढेको छ। पाठेघर सफा गर्ने क्रममा डाक्टरहरूको लापरबाहीका कारण मृत्यु भएको भन्दै युवतीका आफन्तहरूले क्षतिपूर्तिको माग राख्दै निरन्तर आन्दोलन गरिरहेका थिए। उनीहरूले ८ महिने दुधे बालिकाको पालनपोषणका लागि उचित राहत, परिवारका सदस्यमध्ये १ जनालाई रोजगारी, घटनाको उच्चस्तरीय छानबिन समिति गठन, बालिकाको पठनपाठनको ग्यारेन्टी नभएसम्म शव पोस्टमार्टम गर्न नदिने अडान राखेका थिए। मागको कुनै सुनुवाइ नभएपछि आफन्तहरूले शव अस्पतालमै छोडेर घर फर्किएका छन्। 'शान्तिपूर्ण आन्दोलन, धर्ना र पटक-पटक वार्ता गर्दा पनि अस्पताल प्रशासनले यस विषयलाई गम्भीरतापूर्वक लिएन,' मृतक भीमाकी बुबा गोविन्दबहादुर गुरुङले भने, 'हामीले शव नबुझेरै घर फर्कियौं, अब अस्पतालले जे गर्छ गरोस्।'

अस्पतालले भने डाक्टरहरूका कारण मृत्यु नभएको दाबी गर्दै आएको छ। प्रदेश अस्पताललाई देशकै उत्कृष्ट भनिएपनि सेवा प्रवाहका विषयमा भने व्यापक प्रश्न उठ्दै आएको छ।

# आधारभूत आईटी पढाउँदै एम्स स्कुल जुम्ला



**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, ५ वैशाख

चन्दननाथ नगरपालिका वडा नं. ५ मा रहेको एशिया इन्टरनेशनल मोडेल अंग्रेजी स्कुलले आधारभूत सूचना र प्रविधि (आईटी)को अध्ययन अध्यापन गराउँदै आएको छ। यस स्कुलले एक वर्षदेखि आईटी कक्षा सञ्चालन गर्दै आएको हो।

विद्यालयका अनुसार आईटी पढाइ हुन थालेपछि यहाँ अध्ययनरत छात्रछात्राहरु उत्साहित भएका छन्। विद्यालयका सञ्चालक मनोज बुढाथोकी मगरले युगले मागेको जीवनउपयोगी सीप र क्षमताको विकासका लागि सूचना र प्रविधिसम्बन्धीको ज्ञान धेरै आवश्यक रहेको बताए। उनले भने, 'स्कुलका एक कक्षादेखि ८ सम्मका विद्यार्थीहरूको कम्प्युटरसम्बन्धी सीप र ज्ञान हेर्दा कुनै विकसित र सेवासुविधा सम्पन्न क्षेत्रको स्कुलभन्दा कम देखिँदैन। जुम्ला भर्खरै विकासको क्षेत्रमा बामे सर्दैछ। यसले सूचना तथा प्रविधिको क्षेत्रमा बालबालिकाहरूलाई यसरी सीप र ज्ञान दिनु भनेको समग्र समाज विकासका लागि ठूलो टेवा पुऱ्याउनु हो।'

सामान्यतया दैनिक जीवनमै कम्प्युटर शिक्षाबिना मानिसहरूले यो बदलिँदो समयअनुसार चुस्त र दुरूस्त सेवा सुविधा प्राप्त गर्न नसक्ने सञ्चालक बुढाथोकीले बताए। उनका अनुसार यस्तो सामाजिक चेतना र अवस्था रहेको बेला यसरी एक निजी विद्यालयले विद्यार्थीहरुलाई निःशुल्क कम्प्युटर आईटी शिक्षा र सीप दिनुलाई सामान्य मान्न सकिँदैन।

उनले भने,'संसारका विकसित मुलुकहरुले उत्कृष्ट मानव मस्तिष्कहरुमा लगानी गरिरहेका छन् भने हाम्रो समाज यस्तो प्रकारको सोच र दुनियाँबाट अझैं पर छ। स्कुलले सूचना तथा प्रविधि र आविष्कारको युगअनुसार काम गर्न र आफ्ना सपनालाई साकार पार्न पहल गरिरहेको छ।'

चन्दनाथ नगरपालिका-२ जुम्ला भण्डारीबाडा गाउँ निवासी वरिष्ठ पत्रकार कर्णबहादुर भण्डारीले एशिया स्कुल जुम्लाले निर्माण गरेको आईटी ल्याब नमुना भएको बताए। उनले भने, 'यतिसम्म सुविधा सम्पन्न र व्यवस्था भएको स्कुल अहिलेसम्म जुम्लामा छैन।' उनले यो प्रकारको सिकाइले यहाँका बालबालिकाहरु भविश्यमा विश्व बजारसम्म प्रतिस्पर्धा गर्न सक्ने सक्षम हुने दाबी गरे। उनले भने, 'किताबी ज्ञान मात्र सबथोक होइन। जीवनमूखी शिक्षा र विद्या आवश्यक छ। यसले प्राविधिक विषयको आवश्यकतालाई समेत क्रमशः विकास गर्दै लैजाने देखिन्छ।'

उक्त विद्यालयमा सात सय छात्रछात्रा अध्ययनरत रहेको प्रधानाध्यापक चन्द्रबहादुर महतले बताए। उनले कम्प्युटर शिक्षासम्बन्धी व्यवहारिक सिकाइले शैक्षिक गुणस्तरमा वृद्धि गर्ने भूमिका खेलेकै कारण बालबालिकाहरुको मनोबल बढदै गएको बताए। उनले यसको प्रयोगबाट नयाँ घटना, सूचनाहरु संकलन गर्न तथा महत्वपूर्ण कामहरु छिटोछरितोरुपमा सम्पन्न गर्न सहज भएको बताए।

कम्प्युटर शिक्षाको पढाइले कम्प्युटरसम्बन्धी धेरै कुरा सिक्ने अवसर मिलेको विद्यार्थीहरु बताउँछन्। सामान्यतः सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरु कम्प्युटर शिक्षामा अगाडि रहेको देखिन्छ। सरकारले सामुदायिक विद्यालयमा निःशुल्क कम्प्युटर शिक्षा पाठ्यक्रममा राखेपनि त्यो प्रभावकारी हुन सकेको छैन।

अहिलेको समयमा प्रविधिमैत्री क्षमता भएको विद्यार्थी उत्पादन गर्न तल्लो तहबाट नै कम्प्युटर विषय समावेश गरिएको स्कुलले बताएको छ। स्कुलले सैद्धान्तिक र प्रयोगात्मक दुवै किसिमका कक्षा सञ्चालन गर्न स्तरीय ल्याब र दक्ष शिक्षकको प्रबन्ध गरेको छ। कम्प्युटर विषयमा सैद्धान्तिक बाहेक प्रयोगात्मक कक्षा पनि छ। त्यसले विद्यार्थीको सीप पनि विकास हुने र अध्ययनपछि कामको अवसर पनि मिल्ने स्कुलले बताएको छ।

आधारभूत तहका कम्प्युटर सीप नसिकेका विद्यार्थीले माध्यमिक तहमा कम्प्युटर अध्ययनपछि सामान्य काम गर्न सक्ने कम्प्युटर शिक्षक बताउँछन्। विद्यार्थीले फोटोकपी गर्ने, सामान्य फोटोसपको काम गर्ने, टाइपिङ गर्ने जस्ता काम गर्न सक्छन्। आफ्नो मुख्य उद्देश्य काम गर्ने दक्ष जनशक्ति उत्पादन गर्नेभन्दा पनि उनीहरुमा आधारभूत सीप विकास गर्नु रहेको स्कुलले बताएको छ।

## भुलसुधार

मिति २०८०/१२/२९ गते यस दैनिकमा प्रकाशित, साउदीमा रोजगार शिर्षक कम्पनीको नाम : **ALMAJAL ALARABI**, पूर्व स्वीकृत मिति: **२०८०/१२/२५**, चलानी नं.: **६०२१८०७०**, र LT. No.: **303246** को विज्ञापनमा SALARY SR 1000 ने.रु ३५४६० हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Paramount Employment Consultant Pvt. Ltd.
PO Box: 24009, Balkumari, Lalitpur, Nepal, Tel: 01-5186269, 5186052
Email: info@paramount-consultant.com
Web: www.paramountconsultant.com
Mobile No: 9802345210, 9802345211
Gov Lic No: 417/060/061

## गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

**भुल सुधार गरिएको सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०१/०६*

यस कार्यालयको मिति २०८१/०१/०५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०१/१३ गते दिनको २ बजे खोलिने हुनुपर्नेमा अन्यथा भएकाले यो सूचना प्रकाशित गरिएको छ।

## UAE मा रोजगार | कम्पनी : JAI AKASH TECHNICAL WORKS LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०६/१८ चलानी नं.: ६०२०८७६३ LT. No.: 293649 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Skilled Brick Layer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Skilled Building Labourer | 10 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 3. | Skilled Mason | 30 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 4. | Skilled Painter | 10 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 5. | Skilled Scaffolders | 30 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 6. | Skilled Shuttering Carpenter | 60 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 7. | Skilled Steel Fixer | 60 | 0 | | 1000 | ३६,३१० | | | | | | | |
| 8. | Skilled Tile Layer | 10 | 0 | | 1000 | ३६,३१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १६ गते (28 April 2024) मा हुनेछ।**
**अन्तर्वार्ता चितवनमा २०८१ बैशाख १७ गते (29 April 2024) मा हुनेछ।**
**अन्तर्वार्ता झापामा २०८१ बैशाख १८ गते (30 April 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

N.B. INTERNATIONAL MANPOWER PVT. LTD.
Sinamangal, Kathmandu, Nepal
Email: n.binternationalmanpowerpvt.ltd@gmail.com, fishtailopt@gmail.com
Website: www.nbinternationalmanpower.com.np
Govt. Lic No.: 402/060/061
Office: 9852677632 | 9841672199 | 9814080251 | 9851137090 | 9851090273
Jhapa : 9852671887 | 9801215758 | 9860030991 | 9801811984

## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SEEJAN ARABIAN CO. FOR CONTRACTING & MAINTENANCE. शहर: JEDDAH

पुर्व स्वीकृत मिति: २०८०/०८/०१ चलानी नं.: ६०२१०१२९ L.T. No.:295015

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workshop Labor | 3 | 0 | | 1000 | ३५,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १३ गते (25 April 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३१६/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ।

## मलेसियामा रोजगार | कम्पनी : YONG TECK SENG METAL INDUSTRIES
शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०८०/०१/२६ चलानी नं.: ६०२०११५१ LT. No.: 285765 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख १३ गते (25 April 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Apollo Manpower Services Pvt. Ltd.
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९

## थ्रीस्टार हाइड्रोपावर लिमिटेड
मध्यपुर थिमी न.पा.–३ भक्तपुर, फोन नं. ०१६६३५०८०

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८१/०१/०६)

यस कम्पनीको मिति २०८०/१२/२३ गते शुक्रबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व. २०७९।०८० को वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सावर्जनिक सूचना प्रकाशित गरिएको छ।

**मिति,स्थान र समय**
**मिति** : २०८१/०१/२३ गते, आइतबार अर्थात मे ०५, २०२४।
**स्थान** : जर्मन होम्स, गठ्ठाघर, भक्तपुर। (साझा पेट्रोल पम्प नजिकै)
**समय** : विहान ११:०० बजे।

**वार्षिक साधारण सभामा प्रस्तुत गरिने विषयहरु:**

**क. साधारण प्रस्ताव:**
१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुति र सोलाई पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षण प्रतिवेदन र आ.व. २०७९/०८० को वार्षिक आर्थिक विवरण अन्तर्गत २०८० साल आषाढ मसान्तसम्मको वासलात, २०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक E.R. Sigdel & Associates, Chartered Accountants का सिए श्री एकराज सिग्देल पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।
४. सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा।
५. विविध

**ख. विशेष प्रस्ताव :**
१. हकप्रद शेयर (Right Share) निष्काशन गर्ने सम्बन्धमा।
२. उपयुक्त नयाँ आयोजनाहरुको पहिचान गरी लगानी गर्ने वा निर्माणाधीन आयोजनामा थप लगानी गर्ने सम्बन्धमा।
३. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी (समूह "ख") को प्रतिनिधित्वको निम्ति २ जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा।

**वार्षिक साधारणरभा सम्बधी अन्य जानकारीहरु:**
१. साधारण सभामा उपस्थित हुने, सहभागी हुने र निर्वाचनमा मतदान गर्ने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र वा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा शेयर प्रमाण पत्र साथमा लिई सभामा उपस्थित हुन अनुरोध गरिन्छ।
२. यस साधारण सभामा भाग लिनुहुने शेयरधनीहरुको नाम दर्ता प्रयोजनको लागि शेयरधनी उपस्थिति दर्ता पुस्तिका विहान १०:०० वजेबाट खुल्ला गरिनेछ।
३. वार्षिक सभामा भाग लिने प्रयोजनका लागि मिति २०८१ साल बैसाख ७ गते शुक्रबार एक दिन शेयर दाखिल खारेज कार्य बन्द (Book Close) हुनेछ। मिति २०८१ साल बैशाख ६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई शेयर रजिष्ट्रार श्री हिमालयन क्यापिटल लिमिटेडबाट उपलब्ध शेयरधनी वा दर्ता कितावमा कायम शेयरधनीहरु मात्र यस कम्पनीको आ.व २०७९।०८० को सभामा सहभागि हुने, भाग लिन र संचालक निर्वाचन कार्यक्रममा मतदान गर्न योग्य हुनेछन्।
४. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) फाराम भरी हस्ताक्षर गरी नियुक्त गर्नुपर्नेछ। यसरी प्रतिनिधी नियुक्ती गर्दा साधारण सभा सुरु हुन ४८ घण्टा अगाबै यस कम्पनीको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः वदर हुनेछ।
५. एकभन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्तारहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले वा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित सस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा तेस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
६. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अतर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनुभन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ। त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ।
७. संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभाहुनुभन्दा ७ दिन अगाबै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रकाशन गरिनेछ। निर्वाचन सम्बन्धी जानकारी निर्वाचन अधिकृतको कार्यालयबाट कार्यालय समय भित्र कम्पनी सचिवसँग सम्पर्क गरी शेयरधनी महानुभावले लिन सक्नुहुनेछ। उमेदवार हुन शेयरधनी स्वयं उपस्थित हुनु पर्ने छ।
८. साधारण सभा सम्वन्धी वार्षिक प्रतिवेदन र अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको रजिष्टर्ड कार्यालय मध्यपुर थिमी न.पा. वडा नं. ३ चारदोवाटो भक्तपुरमा सम्पर्क राखि लिन सकिनेछ। थप जानकारिको लागि कम्पनीको वेब साईट www.threestarhydro.com बाट प्राप्त गर्न सक्नु हुनेछ।

**सञ्चालक समितिका आज्ञाले**
कम्पनी सचिव



मध्यान्ह
www.madhyanhadaily.com
६ वैशाख २०८१, बिहीबार
18 April 2024, Thursday

सम्पादकीय

## पानी धमिल्याउने प्रयास

बुधबार दुई समूहबीच विवाद भएपछि मोरङको विराटनगर क्षेत्र तनावग्रस्त भयो । राम नवमीको अवसरमा एउटा समूहले निकालेको र्‍यालीलाई अर्को समूहले अवरोध गर्न खोजेपछि झडप भएको थियो । झडपमा पाँच जना प्रहरी घाइते भए । स्थितिलाई नियन्त्रणमा लिन हवाई फायर र अश्रु ग्यास प्रहार गर्नुपरेको थियो । प्रहरीले संयमता अपनाउँदा र ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिदा तत्कालका लागि स्थिति शान्त भएको छ । तर यस किसिमको दृश्य पछिल्लो समय नेपालका बिभिन्न ठाउँमा देखा परेका छन् । यी आपसी सम्मान, अपनत्व, आत्मीयता र स्वीकार्यता नेपाली समाजको विशेषतासँग मेल नखाने दृश्य हुन् । सदियौँदेखि नेपालमा विभिन्न जातीय र धार्मिक समुदायबीचमा आपसी सहिष्णुता, सहअस्तित्व र सद्भाव स्थापित छ । तर दार्शनिक कार्ल मार्क्सले भने जस्तै धर्मलाई देखाएर द्वन्द्व फैलाउने प्रयास पछिल्लो समय नेपालमा हुन खोजेको अनुमान गर्न सकिन्छ । यसकारण सद्भावका लागि आवश्यक नीति अख्तियार गर्नेतर्फ राज्यले सोच्नुपर्ने अवस्था आएको छ ।

संविधानको प्रस्तावनामै मुलुक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त रहेको उल्लेख छ । संविधानको धारा २६ ले धार्मिक स्वतन्त्रताको हक अन्तर्गत धर्ममा आस्था राख्ने प्रत्येक नागरिकलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गरेको छ । तर देशलाई निश्चित धर्म सापेक्ष बनाउनुपर्ने माग गर्नेहरू र यस्तो पक्षको विरोधीहरूबाट नेपालमा धार्मिक, जातीय र साम्प्रदायिक तहमा सद्भाव खलबल्याउने प्रयत्न निरन्तरजसो भइराखेको सुरक्षा निकायको रिर्पोट छ । सुरक्षा रिर्पोटका अनुसार समाजमा विग्रह ल्याउने र धार्मिक सहिष्णुतामाथि प्रहार गर्ने प्रयत्न अन्तर्गत यसअघि धरान, धनुषा, सर्लाही र नेपालगञ्जमा केही घटना भएका थिए । त्यसबेला सम्बन्धित स्थानीय तहमा रहेका धर्मगुरूहरू, नागरिक अगुवा, स्थानीय राजनीतिक दलका नेता/कार्यकर्ता, प्रशासन र सुरक्षा निकायले मिलेर स्थितिलाई शान्त पारेका थिए । यही शैलीमा नेपालको इतिहासमा सामाजिक सद्भाव खलबल्याउने जे–जति गतिविधि भएका छन् ती सबै विफल भएका छन् ।

त्थापि एकपछि अर्को समाजिक सद्भाव बिथोल्ने प्रयास रोकिएको छैन । विराटनगरमा देखिएको दृश्य पनि यही हो । कसैको उक्साहटकै भएको होस वा नियोजित योजना यसखाले असहिष्णु गतिविधिलाई राज्यले समयमै रोकथाम गर्नेगरी नीति लिनु आवश्यक छ । धर्मका नाममा द्वन्द्व फैलाउने प्रयासले कसैगरी विकराल रूप लिए मुलुक धार्मिक हिंसाको दलदलमा फस्न सक्छ । यो अवस्थामा नेपाल पुगेको छैन । त्यहाँसम्म पुग्न नदिन र सामाजिक सद्भाव बोकेको नेपाली समाजको विरासत कायम राख्न राज्यले अवाञ्छित गतिविधिको मूल कारक तत्व पहिचान गरेर आवश्यक कदम चाल्न आवश्यक छ ।

# ‘लास्ट बेन्चरले’ चलाएको देश

धर्म-संस्कृति



● निष्णु थिङ



केही महिना अगाडि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सार्वजनिक कार्यक्रममा आफू ‘लास्ट बेन्चर’ भएपनि मुख्यमन्त्री बनेको र फस्ट बेन्चर उही खरिदार र सुब्बा भएको बद्ख्वाँइँ गरे । उनले थप्दै राम्रो अंक ल्याएर मात्रै केही नहुने ठोकुवा गरे । उनी त्यतिमा मात्रै रोकिएन, चाणक्यले कहाँ पढेका थिए ? के उनले पिएचडी गरेका थिए ? तर, कौटिल्यको अर्थशास्त्र नपढीकन अर्थशास्त्रमा स्नातकोत्तर हुँदैन समेत भने । लास्ट बेन्चरले मुलुकको बागडोर चलाएको आत्ममुग्धता प्रदर्शन गरे ।

शिक्षाप्रति समग्र हाम्रा राजनीतिक दलका नेतृत्व, पूर्व प्रधानमन्त्री र राजनीतिक समाज नै सकारात्मक धारणा राख्दैनन् । केपी ओलीले पनि पिएचडी केही होइन भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए । बिबिसीको साझा सवाल कार्यक्रममा नेपालले उत्कृष्ट विश्वविद्यालय अक्सफोर्ड, हावर्ड विश्वविद्यालयबाट उत्पादित जनशक्तिको नेतृत्व कहिले पाउने ? यो सवाल शेरबहादुर देउवालाई सोध्दा उनले त्यो प्रश्न गर्ने युवालाई झपारेका थिए, ‘बढ्ता बोल्छस्’ समेत भने । बढ्ता बोलेको भनेर धम्कीको भाषा प्रयोग गरे । देउवा, ओली र केदार कार्कीसम्म आउँदा राजनीतिक समाजमा मुलुकको स्टेरिङ लास्ट बेन्चरले हाँकिरहेको र त्यसमा उनीहरूका अहंकार झल्किन्छ । व्यक्त वा अव्यक्त रूपमा राजनीति गर्ने प्राणीहरूले अरूलाई हेयको दृष्टिले हेर्ने र विश्वको सर्वज्ञानी आफैलाई ठान्दै आएका छन् । संसारमा मैले जति कसैले जानेको र बुझेको छैन भन्ने विभ्रममा बाँचिरहेका छन् ।

### लास्ट बेन्चरले कस्तो बनाए देश ?

गुगलका अनुसार नेपाल संसारको १६५ औं गरिब देशको सूचीमा पर्छ । त्यसैगरी, भोकमरीको विश्व सूचीमा ६९औं स्थानमा पर्दछ । (ग्लोबल हगंर इन्डेक्स, २०२३) नेपाल विश्वका विभिन्न सूचकांकहरूमा निकै पुछारमा देखिन्छ । चाहे त्यो मानव विकास सूचकांक होस् या विकास पूर्वाधारको सूचीमा । हाम्रा विश्वविद्यालयहरू विश्व सूचीको पुछारमा पर्छन् । यहाँका अन्य संघसंस्थाहरूका पनि उस्तै हविगत छ । हामीसित भएका संस्थाहरू विश्वस्तरका छैनन् । सुशासनको दृष्टिकोणले पनि साह्रै पछाडि छन् । विश्व प्रदुषणको मापनले काठमाडौं विश्वकै प्रदुषित शहरमा पर्दछ ।

हाम्रो राजस्व संकलन घाटामा छ । अर्धवार्षिक बजेट समीक्षामा व्यक्त भएको तथ्यांकअनुसार आम्दानीको तुलनामा साधारण खर्च बढी छ । पुँजीगत खर्चको स्थिति अति कमजोर अवस्थामा छ । हाम्रो राज्यको विकास बजेट खर्च गर्न सक्ने क्षमतामै प्रश्न उठ्ने स्थिति छ । कुनै गतिला संस्थाहरू छैनन् । सबै संस्थाहरू दलीयकरणको कुशासनको चक्रमा उठ्नै नसक्ने गरी फसेका छन् । सार्वजनिक ऋण २३ खर्बबाट उकालो चढ्दो छ ।

प्रतिदिन हजारौं युवाहरू देश छाडेर गइरहेका छन् । हाम्रा युवाहरूले यो माटोमा सपना देख्नै छाडिसके । यहाँ केही हुन्छ, गर्न सकिन्छ भन्ने विश्वास नै छैन । कसले चाँडो यो मुलुक छाड्ने प्रतिस्पर्धा चलिरहेको छ । विदेश जानुलाई सामाजिक र सांस्कृतिक प्रतिष्ठाको विषय ठान्न थालेका छन् । लास्ट बेन्चरहरूले यो देशलाई मरूभूमि (डेथभ्याली) बनाए । यो डेथभ्यालीमा कुनै युवाले जीवनको सम्भावना देख्दैनन् । युवाहरूका सपना यो माटोमा अंकुराउन सकेन । केही गर्छु भन्ने युवाहरू, प्रेम आचार्य बन्छन् र बनाउँछन् । आचार्यले मृत्युको घोषणापत्र लेखेर आत्मदाह गरेको यति महिना भइसके उनले उठान गरेका मुद्दाहरूप्रति सरकारले कानमा तेल हालेर बसेको छ । लास्ट बेन्चरवालाले यो देशलाई यस्तो बनाएछ कि म राज्यलाई राजश्व तिर्छु भन्नेले पनि घुस ख्वाउनै पर्ने बनायो । जुन देशमा राजस्व तिर्नलाई पनि घुस नदिई हुन्न, त्यस्तो देश कसरी उँभो लाग्छ ?

हाम्रा राज्यका निकायहरू यस्ता छन् कि यही माटोमै केही गरौं भन्ने सोच राख्नेलाई अनावश्यक दुःख दिइन्छ । यसरी पाइला पाइलामा ह्यार्यासमेन्ट गर्छ कि उ केही उद्यम वा व्यवसाय गर्न चाहँदैन । उत्पादनमूलक केही व्यवसाय गर्नु भन्दा ब्याज खाने सोच बनाउन बाध्य पार्छन् । सानोतिनो केही उद्यम गर्न चाह्यो भने वडाबाटै झन्झट शुरू हुन्छ । यता उद्यम शुरु भएको छैन, तर सानोतिनो सिफारिसकै चाहिनेभन्दा बढी कर तिर्न पर्छ । उद्यम गर्नुभन्दा कागजी प्रक्रिया पुर्‍याउन कष्टकर छ । सरकारी कार्यालयहरू यही देशमै केही गर्न चाहना राख्नेहरूलाई सहजीकरण गर्ने भन्दा जटिल बनाउने र ह्यार्यासमेन्ट गर्ने नियतका छन् । सबै सरकारी झमेला र व्यावहारिक उल्झन व्यहोर्दै कुनै उद्यमीले वस्तु उत्पादन गर्‍यो भने उसले राज्यको संरक्षण पाउँदैन । बिचौलिया बजार व्यवस्थामा उत्पादकभन्दा बिचौलिया मोटाउने तर उद्यमी पीडित हुने थितिबाट उ पिल्सिन थाल्छ । वस्तु उत्पादनको पहिलो चरणदेखि अन्तिमसम्मका सबै प्रक्रियाहरू पार गर्दा एउटा उद्यमीको समय, पैसा र सीपको धेरै लगानी भइसक्छ । तर केही लगानी नभएको बिचौलियाले सजिलै नाफा कुम्ल्याउँछन् र उत्पादक भने बजार व्यवस्थाको शोषणमा पर्छ ।

*हाम्रा सबैजसो सरकारी कार्यालयहरूमा सेवा प्रवाह सास्ती दिने खालका छन् । एकै दिनमा कुनै सरकारी कार्यालयमा सेवा पाउन मुस्किल छ । करदाताले सामान्य सेवा लिनलाई पनि कुनै दल र नेताको सिफारिस लिन पर्ने परिस्थिति छ ।*

हाम्रा सबैजसो सरकारी कार्यालयहरूमा सेवा प्रवाह सास्ती दिने खालका छन् । एकै दिनमा कुनै सरकारी कार्यालयमा सेवा पाउन मुस्किल छ । करदाताले सामान्य सेवा लिनलाई पनि कुनै दल र नेताको सिफारिस लिन पर्ने परिस्थिति छ । राज्यका संयन्त्रहरूले निष्पक्ष र पारदर्शी ढगंले कामै गर्दैनन् । मालपोत कार्यालय, यातायात कार्यालय वा अन्य सरकारी निकायमा सानो काम गराउनलाई पनि सेटिङमार्फत् जानु पर्ने अन्यथा काम नहुने वा अनावश्यक विलम्ब गरिदिने प्रवृत्ति मौलाएको छ । न्याय दिने अदालतसमेत सेटिङमा चल्ने बनायो ।

युवाहरू यो देशमा केही सपनै देख्दैनन् । रूस र युक्रेनको युद्ध जारी भएको थाहा भएर पनि रूसी सेनामा भर्ती हुन जान्छन् । मृत्युलाई हत्केलामा राखेर आफ्नो परिवार चलाउन युवाहरू युद्ध क्षेत्रमा जाने जोखिम समेत लिन्छन् । नेपाली राज्यले युवाहरूलाई बेचेरै सरकार चलाउने, सरकारी सत्तामा बसेर स्रोतसाधनको फुर्मास गर्ने, मोजमस्ती गर्ने पुरानै संस्कार हो । रणबहादुर शाहले बनारसमा बसेर मोजमस्ती गरेको ऋण सरकारी खजानाबाट तिर्ने शासनव्यवस्थामा अहिले पनि तात्त्विक भिन्नता आएको छैन ।

लास्ट बेन्चरले नेपाली राज्यलाई धेरै कमजोर र कंगाल बनाए । मुट्ठीभर नेताहरूलाई मात्रै स्वर्ग हुने देश बनाए । राजनीतिक नेता कार्यकर्ताको रजगज चल्ने हुने देश बनाए । बाँकी आम नागरिकलाई उकुसमुकुस हुने देश बनाए । यहाँ आम नागरिकलाई सास फेर्न पनि मुस्किल छ । हरेक क्षेत्रमा दलतन्त्रको नंग्रा गाड्यो, दलविनाको मान्छे बाँच्न नसक्ने गरी समाजलाई दलीयकरण गरे ।

लास्ट बेन्चरले यस्तो देश बनाए कि पूर्व गृहमन्त्री आफ्नो बुहारीको प्रसुती गराउन अमेरिका जान्छ । स्थापित कलाकारहरू बच्चा जन्माउनै उतै जान्छन् । जेएनयुबाट विद्यावारिधि गरेका उत्कृष्ट प्रतिभाहरू अमेरिकामा डिभी भरेर जान्छन् । बहालवाला मुख्यसचिव एडीबीको जागिर खान राजीनामा दिएर जान्छन् । देश त गज्जबै बनाएको हो, हाम्रा लास्ट बेन्चरहरूले जहाँ उनका आफ्नै सन्तति बस्न चाहदैनन् । कुनै सपना यहाँ फुल्न र फक्रिन सक्छन् भन्ने अलिकति विश्वास राख्दैनन् । यहाँका नागरिकहरूमा जतिसक्दो यो देश छाड्न तयार हुने मानसिकता निर्माण गरायो ।

### आत्म-स्वीकृति

लास्ट बेन्चरहरू नै यो देशको अहिलेसम्मको हर्ताकर्ता हुन् । राजनीतिक दल, सरकारदेखि विभिन्न संघसंस्थाहरू सबै यिनैका हातमा छन् । यिनीहरू सबैतिर छन् र शक्तिशाली छन् । यिनको अनुमति र मतिबिना यहाँ केही हुँदैन । यिनको कृपाबिना त यहाँ सास फेर्न पनि गाह्रो छ । केदार कार्कीले बोलिरहँदा उनमा केही खेद थिएन, बरू आत्मुग्धताले भरिपूर्ण थिए । ती कलिला नानीहरूका माझमा शिक्षाको धज्जी उडाएर कार्कीले शिक्षाप्रति ती नानीहरूको वितृष्णा नै हुनेगरी बोले । अव ती नानीहरूले शिक्षालाई कति महत्व देलान् ? मुख्यमन्त्रीले नै निरूत्साहित र शिक्षाको मानमर्दन गरेपछि । अहिलेको नेताहरूले यस्तो बोल्नुमा उनीहरूले आफू पढ्न नसकेकोमा कुण्ठा पालेको देखिन्छ । राजनीतिमा पढेलेखेका शिक्षित युवाहरूले चासो राखेर हस्तक्षेप गर्न थालेदेखि आफ्नो स्वर्ग गुम्ने त्रासले पनि शिक्षित जमातप्रति नकारात्मक भाष्य सृजना गर्न थालेका छन् । चाणक्यले आजभन्दा तेइस सय वर्ष अगाडि तक्षशिला विश्वविद्यालयबाट राजनीतिशास्त्रमा आचार्य गरेका थिए । उनी सोही विश्वविद्यालयमै राजनीतिशास्त्रको प्राचार्य भएका थिए ।

तक्षशीला यस्तो विश्वविद्यालय जहाँ संसारभरिबाट उत्कृष्ट विद्यार्थीहरू पढ्न आउँथे । अहिलेका हार्भार्ड, क्याम्ब्रिज, अक्सफोर्डजस्तै उतिबेला तक्षशिला, नालन्दा र विक्रमशिला विश्वविद्यालयहरू थिए । तक्षशिलामा विश्वका उत्कृष्ट विद्यार्थीहरू पढ्न आउँथे । पश्चिमा दार्शनिकहरू पनि तक्षशिलाबाटै दीक्षित भएका थिए । तक्षशीलामा पश्चिमा दार्शनिक एरिस्टोटल पढ्न आएका थिए । व्याकरणविद् पाणिनी, चन्द्रगुप्त मौर्य पनि त्यहीँबाटै शिक्षित र दीक्षित भएका थिए । चिनियाँ तीर्थयात्री फासियनले इशाको ४०० तिर तक्षशिला भ्रमण गरेका थिए । चाणक्यको शिक्षाबारेमा सामान्य जानकारी नराख्ने कार्कीले भीडको उत्पादन गर्ने सार्वजनिक सम्बोधन गर्नु नेपाली राजनीतिकै दुःखद अवस्था हो । लास्ट बेन्चरहरूले देश अहिलेसम्म चलाएको हुनाले हाम्रो देश यस्तो बन्यो । अन्यथा, फस्ट बेन्चर वा उत्कृष्ट प्रतिभाले चलाउन पाएको भए, हाम्रो देश यो भन्दा कैयन् राम्रो, सबल र विकसित हुने थियो । अहिले देशको हालत लास्ट बेन्चरले जितेर देशले हारेको अवस्था हो । लास्ट बेन्चरले आफूजस्तै देशलाई पनि लास्ट नै बनाइ सक्यो । अब त लास्ट बेन्चरले मेरो अक्षमताको कारणले यो देशले दुःख पायो भनेर कहिले स्वीकार गर्ने हो ?

## सामाजिक सञ्जाल



- नवराज पन्त

अहिले नेपालमा माफियाले सहकारी ध्वस्त पार्दा न्यून आय भएकाहरू चैट भएका छन् । उता ऋणको ४ गुणा बिक्री देखाउ भन्दा ऋण लिन नसकेर सबै मध्यमवर्गीय पनि चैट भएका छन् । ठूला–ठूला पैसाको बोरा सबै ठूला मण्डीमा पुगेको छ । यसले बैंक पनि फेल हुन्छ, जनता सकिन्छन्, केही सीमित व्यक्तिको रजाईं हुन्छ ।



- विष्णु ढकाल

समाज दिनानुदिन साघुँरिदै गयो, ईर्ष्या, डाह, असहिष्णुता बढ्दै गयो । केही सहिष्णु सहयोगी मन भएका पनि हामी दुई/चार जनाले गरेर के हुन्छ र भन्न थाले । अर्काको प्रगतिमा रमाएर प्रेरणा लिने संस्कार लोप हुन थाल्यो । देखासिकी र उछिन्ने प्रवृत्तिले घाटा हुने आफैँलाई हो ! ‘घाँटी हेरेर हाड निल्ने’ भन्या कताकता !



- चन्द्र श्रेष्ठ

यता परिश्रमको कमाई डुब्यो बचाउन आग्रह गर्दै सहकारी पीडितहरू बिलौना गर्दै छन् भने उता हिलो सफा गर्न हिलोमा डुबुल्की मारेका दाई नै हिलोमा चुर्लुम्म छन् अरे भन्ने सुन्नमा आउँदा खोइ आफूले खाई–नखाई बचत गरेका रकम बचतकर्ताको हात कहिले पर्ने आफैँमा जिज्ञासा !



- गोकुल बाास्कोटा

फेरि राजनीतिक कचिंगलमा मुलुक फस्ने देखिनु दुःखद हो । सधैँको अस्थिरता किन र केका लागि ? समावेशी क्षेत्रलाई पनि प्रतिष्पर्धी बनाएर समेत एउटै दलले बहुमत हाँसिल गर्न सक्ने चुनावी प्रणालीमा देशलाई लानै पर्छ । चुनावपूर्व गठबन्धन गर्ने, दुई/चार सीट ल्याउने, सत्ताको च्याँखे थाप्नेको पसल बन्द गरौं ।

# कसैले सोचेको होला कि नहोला ?

टिप्पणी



● नारायण गाउँले

देशैभरि हरियो जङ्गल छ, राम्रो गुणस्तरको मानिने साल र सिसौका रूखहरू छन् । तर, आम जनताका लागि काठ सुनभन्दा महँगो छ । बरु मलेशिया या ब्राजिलबाट महँगो ढुवानी गरेर ल्याइएको काठ सस्तो होला, देशको काठ महँगो छ । फलतः कुनै बेला सिङ्गो संरचना नै काठको हुने हाम्रा घरहरूमा स्थानीय काठको अंश शून्यजस्तो बन्दै छ ।

उच्च पहाड़ी क्षेत्रमा एक दिन पैदल हिंड्नुहोस्, हामीसँग सिङ्गो देश छाउन पुग्ने ढुंगाखानी छ । न्यूनतम प्रशोधन र खर्च गरे पुग्ने चिल्ला स्लेटहरूको भण्डार छ । तर हाम्रा छानाहरू लाखौंको छड़ र सिमेन्टका भारीले थिचिएका छन् । त्यसमाथि नीला र राता जस्तापाताको साम्राज्य छ । दिनदिनै शहरमात्रै होइन, गाउँभरि सिमेन्टका अग्ला–अग्ला भवनहरू ठडिएका छन् । ३ आना, ४ आना या दश धुरमा बनेका ती घरहरूबीच न खाली ठाउँ छ, न हरियाली छ ।

आवासीय प्रयोजनका घरबारे वैज्ञानिक राष्ट्रिय नीति पनि छैन । एक तले होस् या पाँच तले, उत्ति नै पिलर, उत्ति नै छड़ र उत्ति नै हात्तीपाइले फाउन्डेशन चाहिने रहेछ । एउटा घर बनाउन पुग्ने पैसा र साधन माटोमुनि गाड़िएको छ । हाल बनेका घरहरू भत्काउनु पर्दा पुनःप्रयोग हुन सक्ने वस्तुहरू नगण्य छन् । यो साधनस्रोत खरबौं खरब रुपियाँको छ । अझ दुःखद त हिमालीदेखि तराईसम्मका शहरमा यति थोरै जग्गामा यति अग्ला र भद्दा संरचना बनेका छन् कि कतिपय ठाउँमा दुई–तीन तलासम्म त स्वस्थ हावा र सूर्यको प्रकाश पनि पुग्दैन ।

हाम्रो जस्तो चर्को घाम र पानी पर्ने क्षेत्रमा सिमेन्टको आयु सरदर ५० वर्ष जति मानिन्छ । २० वर्ष पुरानो घर अहिलेको पुस्तालाई नै अनुपयोगी देखिन्छ भने पचास वर्षपछि अहिलेका संरचना कसरी हटाउने होला ? यत्रो भयंकर कंक्रीटको जङ्गल कहाँ लगेर फाल्ने होला ? त्यो भीमकाय हात्तीपाइले फाउन्डेशनको के होला ? निर्माणको यही क्रम चल्ने हो भने अबको पचास वर्षपछि हामीले फेस गर्ने वातावरणीय संकट कति गहिरो होला ?

युरोपमा प्रायः आवासीय घरहरू एक तले हुन्छन् । भूइँ तलामाथि एउटा तला । तिनको संरचना काठ र न्यूनतम फलाम प्रयोगबाट बन्छ । भित्ता ईंटा र छानो चाहिँ ढुंगा, माटो र सिमेन्टका झिँगटी या टाइलको हुन्छ । भूकम्पको जोखिम कम हुने भएकाले तिनको फाउन्डेसन पनि ठूलो हुँदैन । प्रायः घरको अगाडि र पछाडि घरले ओगटेको भन्दा बढी जग्गा हुन्छ । त्यो जग्गा बार्ने पर्खाल काठको हुन्छ । घर सय वर्ष बढी टिक्छन् । भत्काएको दिन धेरैजसो सामग्री पुनःप्रयोग गर्न मिल्छ । सार्वजनिक पार्क या उद्यानका बार र पर्खाल त काठकै हुन्छन् ।

युरोपमा घर हेरेर घरमूलीको वर्ग छुट्याउन असहज हुन्छ । आम्दानीको तुलनामा त नेपालभन्दा कयौं गुणा सस्ता छन् घरहरू, फेसमूल्यमै पनि हामीले युरोपलाई उछिन्न लागिसक्यौं । अब जीवनभरको कमाइ जोड्दा पनि एउटा घर नउभ्याउने अवस्थातिर छौं हामी । सदुपयोगको व्यावहारिक नीति हुने हो भने हामीलाई घर बनाउन चाहिने धुरीदेखि दलिन र झ्याल–ढोकाको काठ पनि सहजै उपलब्ध हुनसक्छ । सिमेन्टमा लगभग देश आत्मनिर्भर छ । ढुंगाखानी देशमै छ ।

स्थानीय पद्धति, परम्परालाई प्रविधिसँग मिश्रण गरेर घर निर्माणको एउटा वैज्ञानिक, व्यावहारिक र सुपथ ढाँचा तयार गर्ने र कार्यान्वयन गर्ने सोच कुनै नेतामा होला कि नहोला ? बनी सकेका घरलाई केही गर्न नसकिएला तर अब बन्ने घरमा अनिवार्य गार्डेन, पार्किङ र खुला स्पेस हुनुपर्ने नीति तय गर्न सकिँदो हो । मलिला खेतलाई प्लटिङ हुनबाट रोक्ने या फुटपाथ पुग्ने गरी २० फिटको बाटो अनिवार्य गर्न पनि सकिएला ।

अस्ट्रेलियामा तपाईं कार चलाउँदै हुनुहुन्छ, र पाँच जना अटाउने कारमा तपाईं एक्लै ड्राइभ गर्दै हुनुहुन्छ भने तपाईंले बाटोमा छिटो चल्ने लेन प्रयोग गर्न पाउनुहुन्न । तर तपाईंको कारमा दुई या बढी व्यक्ति छन् भने तपाईंलाई फास्ट लेन प्रयोग गर्न दिइन्छ । हामीले हाम्रो सहरमा यो उदाहरण प्रयोग गर्न सक्छौं कि ?

यति सानो देश छ । यति धेरै सांसद, मन्त्री, सल्लाहकार, पीए, कर्मचारी र हाकिमहरू छन् । तर ‘राष्ट्रिय पोलिसी’ निर्माणमा भन्दा सत्तासुख र कमिसन कसले कोसँग मिलेर खाने भन्नेमैं हाम्रो हार र जितको खेल सीमित छ ।

जीवनको सम्पूर्ण कमाइ र मिहिनेत घर नामको एउटा भद्दा संरचनामा अझ छिमेकसँग प्रतिस्पर्धा गर्दै माटोमुनी खन्याउने क्रम रोक्न सकिन्छ कि ? अवश्यम्भावी वातावरणीय संकटलाई अहिल्यै सम्बोधन गर्न सकिन्छ कि ? के कसैले यस बारे सोच्दै होला ? के तपाईंले कहिल्यै यसरी सोच्नुभएको छ ? कि यो मैले चिन्ता गरेजस्तो समस्या नै होइन ?

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | : पारिवारिक विवाद पर्नसक्छ । यात्रा भने सफल र सुखद रहनेछ । |
| वृष | : नाता-गोतासँग मनमुटाव रहनेछ । आहारमा ध्यान दिनुपर्ला । |
| मिथुन | : अनावश्यक खर्चको योग छ । वाहन सावधानी राख्नुहोला । |
| कर्कट | : लापरवाहीले गर्दा अशान्ति र रोकावटको योग छ । |
| सिंह | : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादमा परिन सक्छ । |
| कन्या | : पैतृक सम्पत्ति प्राप्त हुनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| तुला | : सामाजिक सहयोग बढ्नेछ । सम्मानमा वृद्धि हुने योग छ । |
| वृश्चिक | : साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहनेछ । |
| धनु | : सबै कार्यमा विनम्रता र धैर्य राख्नुपर्छ । सफलता मिल्ने योग छ । |
| मकर | : राजनैतिक लाभ प्राप्त हुनेछ । सबै कार्यमा धैर्यता राख्नुपर्छ । |
| कुम्भ | : स्वास्थ्य राम्रो रहनेछ । अर्कासित विवादमा परिने योग छ । |
| मीन | : मुद्दा मामिलामा सफलता मिल्नेछ । पराक्रम बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गाजाको शरणार्थी शिविरमा आक्रमण, १३ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** मध्यगाजाको अल-मघाजी शरणार्थी शिविरमा मंगलबार भएको आक्रमणमा सात बालबालिकासहित १३ जनाको मृत्यु भएको छ । आक्रमणमा २५ जनाभन्दा बढी घाइते भएको अल-अक्सा शहीद अस्पताल अधिकारीहरूलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

प्रत्यक्षदर्शी निहाद ओवादेतल्लाहबाट प्राप्त भिडियोमा आक्रमणपछि धेरै मृत मानिसहरु भुइँमा लडिरहेको देखाएका थिए । यसैगरी धेरै मानिसहरू आतङ्कित भएर वरिपरि दौडिदै चिच्याइरहेका छन् र शवको व्यवस्थापन गर्न लागिरहेका देखिन्छन् ।

सिएनएनसँग कुरा गर्दै शिविरमा बस्ने ओवेदातल्लाहले आफ्नो शिविरबाट ३०-४० मिटर टाढा विस्फोट भएको बताउदै आक्रमणपछि भुइँमा फ्याँकिएको शव फेला पारको तथा मानिसहरू चिच्याइरहेका बताए ।

अल-अक्सा शहीद अस्पतालबाट सिएनएनबाट खिचिएको फुटेजमा आकस्मिक कक्ष हताहत र घाइते व्यक्तिहरूलले भरिएको देखिन्छ । सिएनएनको रिपोर्टअनुसार परिवारका सदस्यहरू आफ्ना प्रियजनको शव नजिक जम्मा भइरहेका थिए, तिनीहरूलाई समातेर रोइरहेका थिए । अस्पतालको भिडियोमा परिवारहरूले आफ्ना प्रियजनहरू पहिचान गर्ने प्रयास गरिरहेको देखिन्छ । 'कसैसँग कुनै सम्बन्ध छैन, उनीहरू नागरिक हुन् कृपा गर तिमीहरूले बच्चाहरूलाई मार्दैछौ, सेना वा लडाकुलाई नभइ सडकमा शान्तिपूर्वक खेलिरहेका बालबालिकाहरूलाई मार्दैछौ,' अर्का प्रत्यक्षदर्शीले भने ।

अस्पताल बाहिर, मानिसहरू प्रियजन गुमाएको पीडा सहन नसकी कराउँदै दःुखका साथ दर्जनौं मानिसहरूले मृतकलाई गाड्नु अघि आँगनमा प्रार्थना गरेका थिए । इजरायल र हमासबीच अक्टोबरमा युद्ध शुरु भएदेखि गाजामा दश हजार भन्दा बढी महिला मारिएको मङ्गलबार प्रकाशित युएन वुमनको रिपोर्टमा उल्लेख छ ।

रिपोर्टमा युद्धको छ महिनामा गाजामा दश हजार प्यालेस्टिनी महिलाहरू मारिएका मध्ये अनुमानित छ हजार आमाहरू मारिदा १९ हजार बालबालिका अनाथ भएको सिएनएनले जनाएको छ । प्रतिवेदनका अनुसार द्वन्द्वका कारण गाजा पट्टीमा दस लाख भन्दा बढी प्यालेस्टिनी महिला तथा बालबालिका खाना, पिउने पानी नभएका कारण 'विनाशकारी भोकमरी' को सामना गरिरहेका छन्, जसले उनीहरुको जीवनलाई थप जोखिममा पार्ने खतरा सिर्जना गरेको छ । उनीहरूले शौचालयको पहुँचसमेत पाएका छैनन् । गाँजामा पछिल्लो समयमा प्रत्येक दस मिनेटमा एक बच्चा घाइते वा मृत्यु हुन्छ ।

यसैबीच इजरायली रक्षा बलले गाजामा नागरिकहरूको क्षति कम गर्ने प्रयास गरिरहेको बताएको छ ।

# दुबईमा इतिहासकै भारी वर्षा

**काठमाडौं/एजेन्सी–** संयुक्त अरब इमिरेट्स (यूएई) र आसपासका देशमा मंगलबार भारी वर्षा भएको छ । भारी वर्षाका कारण यूएईका कयौं स्थान पानीमा डुबेका छन् । बाढीका कारण कयौं शरहमा जाम भएको छ ।

दुबईमा इतिहासकै भारी वर्षा भएको हो । त्यहाँ सोमबार रातिदेखि पानी पर्न थालेको र मंगलबार बिहानदेखि वर्षाले ठूलो रूप लिँदा असिनासमेत परेको थियो । असिनासँगै दिनभरजसो पानी परेपछि त्यहाँको मुख्य राजमार्ग र ठूला सडकहरू जलमग्न भएका थिए । पछिल्लो २४ चौबिस घन्टामा त्यहाँ १४२ मिलिमिटर वर्षा मापन भएको छ । सामाजिक सञ्जालमा



भाइरल भिडियोमा दुबई अन्तर ाष्ट्रिय विमानस्थलमा एक विमान बाढीग्रस्त एयरपोर्टमा जलमग्न त्याङ्गर हुँदै अघि बढिरहेको देखिएको थियो । यसैगरी जलमग्न सडक, अस्तव्यस्त ट्राफिकका भिडियोहरु पनि सामाजिक सञ्जाल भरि पोस्ट गरिएका छन् । निकै कम समयमा अति भारी वर्षा हुँदा कतिपय सवारी चालकहरुले सवारीसाधन सडकमै छोडी सुरक्षित स्थानतर्फ लागेका थिए ।

विश्वमा सबैभन्दा बढी व्यस्त हुने विमानस्थलहरूमध्ये दोस्रो नम्बरमा पर्ने दुबई इन्टरनेशनल एअरपोर्टमा उडान प्रभावित भएको छ । विमानस्थलको धावनमार्गदेखि टर्मिनल भवनभित्र समेत पानी पसेको थियो । धावनमार्ग जलमग्न भएपछि उडान प्रभावित भएको त्यहाँको सञ्चारमाध्यहरूले जनाएका छन् । यता ओमानमा मुसलधारे वर्षासँगै आएको बाढीका कारण १८ जनाको मृत्यु भएको छ ।

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०६

यस संस्थाबाट कर्जा लिने देहाय बमोजिमका ऋणिहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको सर्तमा तोकिए बमोजिम संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम समय सिमा भित्र चुक्ता भुक्तान नगर्नु भएकाले यस संस्थाबाट पटक पटक मौखिक, लिखित तथा फोन मार्फत ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम बुझाउनु हुन सम्बन्धित ऋणीहरु तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरेर बसेमा सहकारी एन २०७४, सहकारी नियमावली २०७५, संस्था को विनियम तथा ऋण लिदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम ऋणीको वा निजको एकासगोल परिवारका नाउँमा रहेको चलअचल सम्पत्ति, ऋण लिदा जमानी दिनेका नाम मा रहेको वा निजको हकको चलअचल सम्पत्ति समेत लिलामी गरेर असुल उपर गरिने जानकारीका साथै उक्त प्रकृयामा आउने सम्पूर्ण खर्च समेत तपाईंबाट लेना रकम सरह असुल उपर गरिने व्यहोरा पनि जानकारी गराउँछौ ।

| क्र. सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण |
|---|---|---|
| १ | नामः बिमला श्रेष्ठ<br>ना.न-१५७६/४५<br>जारी मिति-२०४५-०३-०३<br>बुबाः खड्का मान श्रेष्ठ<br>पतिः ईश्वर लाल श्रेष्ठ<br>हजुरबुबाः बिष्णु लाल श्रेष्ठ<br>हालको ठेगानाः काठमाडौं-१०, शंखमुल | नामः बिबेक श्रेष्ठ<br>ना न-१७७२४<br>जारी मिति-२०६२-०३-२१<br>बुबाः ईश्वर लाल श्रेष्ठ<br>हजुरबुबाः शिव लाल श्रेष्ठ<br>हालको ठेगानाः<br>काठमाडौं-०१, सितापाइला |
| २ | नामः सुरेन्द्र गिरी<br>ना न-७५५०<br>जारी मिति-२०४१-०९-२८<br>बुबाः जगत गिरी<br>हजुरबुबाः रबिलाल गिरी<br>ठेगानाः बिराटनगर-०१<br>हालको ठेगानाः काठमाडौं-३२, कोटेश्वर | नामः ज्ञानु गिरी<br>बुबाः नरेन्द्र राज गिरी<br>हजुरबुबाः पृथ्वी मान गिरी<br>हालको ठेगानाः<br>काठमाडौं-३२, कोटेश्वर |
| ३ | नामः कुमारी सकुन्तला चन्द<br>ना न-२३८<br>जारी मिति-२०५२-०३-२८<br>बुबाः नर बहादुर चन्द<br>हजुरबुबाः किसन बहादुर चन्द<br>ठेगानाः बेलौरी-१०, कंचनपुर<br>हालको ठेगानाः ललितपुर-२३, सातदोबाटो | नामःअर्जुन बहादुर शाही<br>ना न-२३४८<br>जारी मिति-२०४६-११-१०<br>बुबाः जोगी शाही<br>हजुरबुबाः बिक्रम शाही<br>हालको ठेगानाः<br>ललितपुर-२३, सातदोबाटो |
| ४ | नामः राजु चोच्छे श्रेष्ठ<br>ना न-३०१०३७/१७१६६०<br>चालक अनुमती पत्र -२६२१८९९<br>जारी मिति- २०६६-०५-२४<br>बुबाः रघुवीर चोच्छे<br>हजुरबुबाः सानुकाजी श्रेष्ठ<br>ठेगानाः धुलिखेल-०६, काभ्रे<br>हालको ठेगानाः कागेश्वोरी मनोहरा-०९ | नामः राज खड्का<br>ना न- २७-०१-७४-११३६१<br>जारी मिति-२०७४-०८-०६<br>बुबाः राजेन्द्र कुमार खड्का<br>हजुरबुबाः राम बहादुर खड्का<br>ठेगानाः<br>कागेश्वोरी मनोहरा-०९ |
| ५ | नामः धिरेन कटुवाल<br>ना न-१०१००१/३७२६<br>जारी मिति- २०७०-०४-२९<br>बुबाः भिम बहादुर कटुवाल<br>हजुरबुबाः नर बहादुर कटुवाल<br>ठेगानाः खादबारी-१२, शंखुवासभा<br>हालको ठेगानाः काठमाडौं-१०, शंखमुल | नामः अरुण श्रेष्ठ<br>ना न-०२-०१-६९-०२८५२<br>जारी मिति-२०६९-१२-०७<br>बुबाः मोहन कुमार श्रेष्ठ<br>हजुरबुबाः राज कुमार श्रेष्ठ<br>ठेगानाः पाँचथर ०४, फिदिम |

दर्ता नंः २९४०/०६६/०६७

**घर संसार उपभोक्ता सहकारी संस्था लि.**
**GHAR SANSAR CONSUMER CO-OPERATIVE LTD.**
काठमाडौं- १०, शंखमुल, फोनः ०१-५२४२७८६


## कतारमा रोजगार | कम्पनीः Ramaco Trading & Contracting Co.W.L.L.
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०७/०२ चलानी नं.: ६०१८९७०५ LT. No.: 274037 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration Coordinator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 4000 | १४६२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Worker | 30 | 0 | | 1000 | ३६५६० | | | | | | | |
| 3. | Carpenter | 59 | 0 | | 1200 | ४३८७२ | | | | | | | |
| 4. | Tile Maker | 95 | 0 | | 1200 | ४३८७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १३ गते (25 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Diamond Star Overseas Pvt. Ltd.**
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

## मलेसियामा रोजगारको अवसर | कम्पनी : SECURIGHT SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/११/११ चलानी नं.: ६०१९७०९७ LT. No.: 281490 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १३ गते (25 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**DREAM RECRUITING SERVICE Pvt. Ltd.**
**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Kathmandu-32, Koteshwor Sos Marga (Opposite to Bhatbhateni Koteshwor)
CONTACT NO:- 01-5147279/9806138777/9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

## मलेसियामा रोजगार | कम्पनीः PANTECH STAINLESS & ALLOY INDUSTRIES SDN BHD
शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०८०/०६/२३ चलानी नं.: ६०२०९००० LT. No.: 293878 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः L&M RESOUIRCES MANAGEMENT(M) SDN BHD शहरः KLANG

पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९००४ LT. No.: 273332 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 41 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १३ गते (25 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI LARA JOINT SECURITY SERVICES SDN BHD शहरः Malaysia, Jalan

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०२१२२५१ LT. No.: 297301 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ASIA ACTIVE SECURITY SDN BHD शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/०८/२८ चलानी नं.: ६०२११५५३ LT. No.:296467 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 17 | 0 | स. काममा दक्ष | 1500 | ४१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ वैशाख १३ गते (25 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
